धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

बु.सं. २५६६, ज्या: पुन्हि

वर्ष: ४०, अङ्क: ३

भिक्षुणी संघमित्राले बुद्धगयाको वोधिवृक्षको विरुवा समुद्रको बाटो भएर श्रीलंकामा पुऱ्याउनु हुँदा श्रीलंकाका तत्कालिन राजा देवानं पियतिस्सले समुद्रमा आधा शरीर डुबी स्वागत गर्नुहुँदै

शुभ-कामना !

भिक्षुणी धम्मवती गुरुमां

अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष, धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष

तथा

धर्मकीर्ति पत्रिकाका प्रकाशक एवं सल्लाहकार

भिक्षुणी धम्मवती गुरुमां

यही २०७९ असार २९ गते असार पूर्णिमाका दिन ८९ वर्षमा प्रवेश गर्नुहुने शुभ-उपलक्ष्यमा उहाँको सुस्वास्थ्य, दीर्घायु

एवं

मंगलमैत्रीको कामना गर्दछौं ।

धमकीर्ति पत्रिका
धर्मकीर्ति विहार परिवार

श्रीघः, नःघ, काठमाडौं ।

<u>*प्रकाशक र विशेष सल्लाहकार*</u>

भिक्षुणी धम्मवती

फोन: ५३५९४६६

<u>*सम्पादक*</u>

भिक्षुणी वीर्यवती

फोन: ९८४१५३४१०९

<u>*सम्पादन सहयोगी*</u>

भिक्षुणी शुभवती

फोन: ९८४१३२९००५

<u>*व्यवस्थापकहरू*</u>

ध्रुवरत्न स्थापित

फोन: ९८४१२६३३५५

इन्द्रमान महर्जन

फोन: ९८४१४३४५७२

<u>*कार्यालय*</u>

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

विशेष सदस्य	रु.	२०००/- वा सो भन्दा बढी
वार्षिक	रु.	१००/-
यस अङ्कको	रु.	१०/-

धर्मकीर्ति

(बौद्ध मासिक)

THE DHARMAKIRTI

A Buddhist Monthly

15th JUNE 2022

वर्ष- ४०	अङ्क- ३	ज्याः पुन्हि	असार २०७९



अत्तानं चे पियं जञ्ञा - रक्खेय्य नं सुरक्खितं
तिण्ण'मञ्ञतरं यामं - पटिजग्गेय्य पण्डितो

यदि थःत प्रेम दु धयागु जूसा बाँलाक सुरक्षित या । रात्रीया स्वंगू याम मध्ये छगू यामे जूसां पण्डितपिं जागृत जुया च्वनेमाः ।

आफूलाई तिमीमा प्रेम छ भने आफूलाई सुरक्षित (संयम) गर । पण्डितजन जवानी, प्रौढ र बृद्ध अवस्थाका तीन प्रहर मध्ये कुनै एक प्रहरमा जागा रहनुपर्छ ।

If a man holds himself dear, let him guard himself closely. The sage should watch through one of the three vigils of his existence (youth, maturity or old age).

विषय-सूचि

क्र.सं.	शिर्षक		पृष्ठ
१)	बुद्ध वचन	–	१
२)	सम्पादकीय - कर्त्तव्य पालन नै धर्मपालन	–	३
२)	भित्र के भईरहेछ ?	– सत्यनारायण गोयन्का	४
३)	धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू	–	७
४)	संघमित्रा	– ले. आचार्य सत्यनारायण गोयन्का, अनु. वीर्यवती गुरुमां	८
५)	बौद्ध पद्धति र मृत्यु संस्कार–एक चर्चा	– शिशिल चित्रकार	९
६)	परमार्थ धर्म	– श्यामलाल चित्रकार	१०
७)	दीघ निकाय ग्रन्थको संक्षिप्त परिचय	– लोचनतारा तुलाधर	११
८)	धर्मकीर्ति गतिविधि	–	१५
९)	पुण्य कमाउन अगाडि बढौं	– विद्याकुमारी बज्राचार्य	१८
१०)	धर्मप्रचार समाचार	–	२१

लेखक, पाठक एवं ग्राहक वर्गहरूमा हार्दिक अनुरोध

- 'धर्मकीर्ति' पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू e-mail वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला ।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ । तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस् ।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्छौं ।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि gurumawiryawati@gmail.com / subhawati26@gmail.com मा e-mail गर्न सकिने छ ।

धर्मकीर्ति विहार परिवार

फोन नं. ५३५९४६६

▪ सम्पादकीय ▪

कर्त्तव्य पालन नै धर्मपालन

कर्त्तव्य पालन गर्नुलाई धर्म पालनको रूपमा लिन सकिन्छ । अर्को शब्दमा भन्ने हो भने इमान्दार व्यक्तिले आफ्नो कर्त्तव्य पालन गरी मानव धर्म निभाउन चुक्दैन । तर वेइमान व्यक्ति आफ्नो नीजि स्वार्थ परिपूर्ति गर्ने कार्यमा मात्र अलमलिएर आफ्नो कर्त्तव्यबाट च्यूत भइराखेको हुन्छ । यसलाई धर्म पालन भन्न सकिंदैन ।

आजभोली इमान्दार, सदाचार, आचरण सुद्धि, नैतिकता र चरित्र निर्माण जस्तो पवित्र धारणाहरूको कमीले गर्दा नै होला संसारका विभिन्न क्षेत्रहरूमा कलह, झैझगडा, आतङ्क र अशान्ति वातावरणले स्थान ओगटेको देखिन्छ । त्यसैले भगवान् बुद्धले सर्वप्रथम चरित्र निर्माण गर्नुपर्ने विषयमा जोड दिनुभएको छ । एकपटक भगवान् बुद्ध समक्ष एक व्यक्ति आएर उहाँको जात सोधेको रहेछ । त्यस व्यक्तिलाई भगवान् बुद्धले भन्नुभयो–

"तपाईंले मानिसको जात होइन, उसको आचरण (बानी व्यवहार) र चरित्र सोध्ने बानी गर्दा राम्रो होला ।" भगवान् बुद्धले दिनुभएको यस उत्तरबाट प्रष्टिन्छ, मानिसको महत्व उसको राम्रो चरित्र (बानी व्यवहार) मा निर्भर रहेछ । त्यसैले होला भगवान् बुद्धले हामीलाई सर्वप्रथम पञ्चशील पालन गर्न सल्लाह दिनुभएको रहेछ । पञ्चशीलमा उल्लेखित पाँचवटा प्राकृतिक नियमहरू पालन गर्नुनै मानव समुदायको प्रथम कर्त्तव्य हुँदो रहेछ । त्यसैले उहाँले भन्नुभएको छ– **"वत्तं अपरिपुरेन्तो सीलं न परिपूरति ।"** अर्थात् शील पालन गर्नु नै आचरण शुद्ध गर्नु हो । तर कर्त्तव्यहीन व्यक्तिको आचरण शुद्ध हुन सक्दैन । मानिसको बानी ब्यवहार शुद्ध बनाउनको लागि त पहिला कर्त्तव्य पालन हुन आवश्यक छ । साधारण भन्दा साधारण काम नै किन नहोस् सबैले आ-आफ्नो कर्त्तव्य पालन गर्नु नै हरेक व्यक्तिको स्वभाव धर्म हुनुपर्छ । आफ्नो घर सफा सुग्घर राख्ने देखि लिएर टोल टोलमा सफा सुग्घर गर्ने आदि सबै कार्यहरू व्यक्ति-व्यक्तिमा सुम्पिएको हुनुपर्छ । आफ्नो जिम्मामा रहेको कार्य नगरिनु काम नगर्ने व्यक्तिको द्वोष हुन जान्छ भने जिम्मा नै लगाउन नसक्नु सम्वन्धित व्यवस्थापकको दोष हुन जानेछ । कर्त्तव्यहीन व्यक्तिहरूकै कारणले गर्दा परिवार, समाज र देशमा नचाहिंदो कलह र झैझगडाहरू उत्पन्न भइरहेका हुन्छन् । त्यसैले भगवान् बुद्धले गृहस्थ जीवनमा एक आपसमा कर्त्तव्य पालन गरी स्वस्थ र सुखमय जीवन जीउने तरिकाहरू सिगालोवाद सूत्रमा उल्लेख गर्नुभएको पाइन्छ । भगवान् बुद्धले बताउनु भएको यस शिक्षालाई सबैले इमान्दारीताका साथ पालन गर्न सकेको खण्डमा आजभोलीका यी असामान्य विकृतीहरू सृजना हुने थिएन होला । यी अमूल्य शिक्षाहरू पालन गर्न नसक्नु नै हाम्रो कमजोरी हो ।

बुद्ध शिक्षालाई पालन गर्नको लागि पहिला प्रकृतीको स्वभाव धर्मलाई एकपटक सजिलो तरिकाले बुझ्ने प्रयास गर्दा हामीलाई धर्म बुझ्न सहयोग मिल्ने देखिन्छ ।

"हामीले कसैलाई कुनै पनि काम वा कुरा गर्नु अगाडि त्यही काम र कुरा कसैले हामीलाई गर्न आएमा वा भन्न आएमा हामीलाई मन पर्छ वा मन पर्दैन, हामीलाई हीतकर हुन्छ वा हुँदैन, एकपटक विचार गरेर हेर्न राम्रो हुनेछ । यदि हामीलाई त्यस कार्य मन पर्छ र हामीलाई हीतोपकार हुने देखिन्छ भने त्यसकार्य अरूलाई पनि गर्दा असल हुनेछ । तर यदि उक्त काम र कुरा हामीलाई मन पर्दैन र हामीलाई हीतकर देखिंदैन भने अरूलाई पनि उक्त शब्द प्रयोग नगरौं र उक्त कार्य नगरौं ।"

संक्षेपमा भन्ने हो भने हामीलाई दुःख मन पर्दैन भने अरूलाई पनि दुःख मन पर्नेछैन भन्ने कुरा हाम्रो हृदय देखि बुझेर काम गर्नुनै कर्त्तव्य पालन हुनेछ । यसरी कर्त्तव्य पालन गर्दा नै धर्म पालन हुनेछ । जहाँ धर्म पालन हुन्छ त्यहाँ धर्मले रक्षा गर्ने प्रकृतिको नियम छ । धर्मले रक्षा गराउन पाउने व्यक्ति नै निर्भिक र सुखपूर्वक जीवन बिताउन पाउने भाग्यमानी हुनेछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

"धम्मोहवे रक्खतीति धम्माचारी ।"

भित्र के भईरहेछ ?

✍ सत्यनारायण गोयन्का

केवल चिन्तन-मनन गरेर कोही व्यक्ति आफूभित्र रहेको विकारहरूबाट मुक्त हुन सक्दैन । यस्तै प्रकारले बाहिरी कर्मकाण्ड गरेर पनि कोही व्यक्ति आफू भित्रको मनोविकारहरूबाट विमुक्त हुन सक्दैन । अन्तरमुखी भएर यी विकारहरूलाई हेर्नु पर्छ, त्यो कसरी बढ्छ त्यसलाई जान्नुपर्छ तब मात्र त्यो निस्किँदै जान्छ, नत्र भने भित्र रहीरहन्छ । अन्तरमुखी भएर पनि कुनै कल्पनामा डुबिरह्यो, आफू भित्रको वास्तविक सत्यलाई हेर्ने काम नै गरेन भने सायद माथिल्लो तहमा मनलाई केही मात्रामा सुधार गर्ला तर मनको गहिराईसम्म डुबेका विकारका संग्रह त्यहीं रहिरहन्छ, त्यसबाट छुट्कारा पाउन सक्दैन ।

एउटा घटना-राजकुमार बाहुबलिको हेरौं । आफ्नो भाइसंगको सम्बन्ध राम्रो थिएन त्यसैले राज्य त्यागेर जंगलमा तपस्या गर्न गए । खूब तपस्या गर्दै रहे । तर जुन ठाउँमा बसेर उसले साधना गर्दै थियो, त्यो ठाउँ उसको भाइको थियो । उसको राज्य अन्तरगत पर्दथ्यो । त्यसैले कम ठाउँमा रहने हिसाबले हत्केलाले टेकेर तपश्या गर्न थाले । पूरा पैतालाले त्यस धरतीमा टेक्दैन थिए । किनकि त्यो भूमि त आफ्नो थिएन । यसरी खूब तपस्या गर्दैरह्यो । यस्तो घोर तपस्या गर्दैरह्यो कि हातले टेकेर पनि अलिकति हलचल गर्दैनथे । अन्य कसैले देख्यो भने आश्चर्यले भन्थे “ओहो ! यो भन्दा ठूलो तपस्वी को होला ?” एकदिन उसकी बहिनी त्यसै बाटोबाट आईरहेकि थिइन्, उन्ले आफ्नो दाइले तपस्या गरेको देखिन् र भनिन्– ओहो ! मेरो दाइ त हात्तीमा चढेको छ । त्यस तपस्वीले यो कुरा सुने, मेरो बहिनी त निक्कै समझदार मान्छे हो । उसले यस्तो कुरा किन भन्यो ? म हात्तीमा चढेको छुँ ? दुई खट्टाले त भूईंमा टेक्दिन, म हत्केलाले टेकेर उभिरहेछुँ, तर उसले भन्यो, हात्तीमा चढिरहेको छ । बाहुबलि एकदम समझदार व्यक्ति थियो । उसलाई होश आयो, साँच्चै म त अभिमानको हात्तीमा चढिरहेको रहेछु । हत्केलाले टेकेर के गरिरहेछु, यो त अभिमान हो, यो त अहंभाव हो । भित्रको सत्यलाई हेर्न थाले, अहंभाव अहंकारलाई चिने, तब नै मुक्ति मार्गमा अगाडि बढ्न सके ।

यस्तै प्रकारको एउटा घटना महावीर स्वामीको जीवन कालको उहाँको एकजना शिष्य कुनै एउटा देशका राजा थिए । एकदम बैराग्य जाग्यो र राजपाट सबै आफ्नो छोरालाई जिम्मा दिएर वनमा तपस्या गर्न हिंड्यो । ऊ पनि घोर तपस्या गर्दथ्यो । उभिएर खूब तपस्या गर्दथ्यो । एकदिन उसको राज्यको एकजना ब्यक्ति त्यही बाटो भएर आएछ र आफ्नो राजालाई देखेर सोचे कि ओहो ! हाम्रो पूर्व राजा कस्तो घनघोर तपस्या गरिरहेछ । त्यो व्यक्ति महावीर स्वामी कहाँ गए र आफ्नो देशको राजाले राजपाट छोडेर घोर तपस्या गरिरहेको कुरा बताए । र महावीर स्वामीसंग भने महाराज ! यस समयमा उसको प्राण गयो, ऊ मऱ्यो भने उसले त अवश्य सद्‌गति प्राप्त गर्छ होला । महावीर स्वामी मुस्कुराउँदै भन्नुभयो– होईन, होईन । यदि यस समयमा ऊ मऱ्यो भने घोर नर्कमा जान्छ । घोर नर्कमा जान्छ ? सबैजना छक्क परे । महावीर के भन्दैछ ? केही समय पछि त्यही बाटो भएर एकजना अर्को व्यक्ति आएछ र उसले भने, महाराज, हाम्रो देशको राजा जो त्यहाँ तपस्या गरिरहेथ्यो नि ! ऊ त मऱ्यो । मऱ्यो ? तब महावीर स्वामीले भन्नुभयो, ओहो ! उसको त सद्‌गति प्राप्त भयो । सद्‌गति भयो ? भर्खरै, एकछिन अघि भन्दै हुनुहुन्थ्यो मऱ्यो भने उसको दुर्गति हुन्छ, नर्कमा जान्छ । अब फेरि भन्नुभयो सद्‌गति भयो । यस्तो अवस्थामा पुगेको कोही महापुरुष झूठो बोल्दैन । उहाँले ठीक भन्नुभयो । पहिलो पल्ट जब कसैले आएर यस्तो सूचना दियो त्यस समयमा उहाँले आफ्नो बोधिचित्तले त्यस तपस्वी राजाको चित्तलाई हेरे । त्यस समय उसको चित्त क्रोधले भरिएको थियो । किनकि उसको नजिकैबाट एक सेनाको समूह गएको उसले देखेको थियो । तिनीहरू उसको राज्यमा हमला गर्न गएका थिए अतः उनीहरूलाई देख्ने बित्तिकै उसको मनमा क्रोध जाग्यो । आफ्नो दुश्मनहरू प्रति क्रोध जाग्यो । यदि यस्तो समयमा

मरेको भए क्रोधको तरङ्गसंग मेल खाने नर्कमा नै जन्म हुन्थ्यो । तर उसलाई एकै छिनमा होश आयो । ओहो ! यहाँ त म तपस्या गर्न आएको छु । म त विकार जगाउनको लागि यहाँ उभिरहेको होईन । म आफू भित्र समता नै स्थापित गर्छु । म आफूलाई विकारबाट मुक्त बनाउँछु । यसै कामको लागि घर छोडेर आएको हुँ । उसलाई होश आयो । चित्त समतामा स्थापित हुन थाल्यो । सारा क्रोध हट्दै गयो । चित्त शान्त भयो । समतामा स्थापित हुन थाल्यो । त्यस समय मृत्य भयो भने कहाँ जान्छ ? सद्गति नै प्राप्त हुन्छ । बाहिरबाट हेर्दा दुबै अवस्थामा ऊ तपस्या गरिरहेछ । शरीरलाई उत्तिकै दण्ड दिइरहेछ । भित्र के हुँदैछ ? धर्मलाई बाहिरी कर्मकाण्डले नापिँदैन । कर्मकाण्डले कोही व्यक्ति धार्मिक बन्न सक्दैन । भित्र के गर्दैछ ? भित्र मनमा के छ ? त्यसलाई सुधार्ने काम गर्नुपर्छ । त्यसको जाँच गर्नुपर्छ । मेरो भित्र के भईरहेछ । त्यसलाई साक्षीभावले हेर्दा हेर्दा विकारबाट बिमुक्त भयो भने तपस्या सही अर्थमा तपस्या भयो । भित्र हेर्नु नै सही अर्थमा तपस्या हो ।

दुःख छ । संसारमा दुःख ब्याप्त छन् । जसलाई हेर उही दुःखी छ । कसैलाई केहीको दुःख छ भने कसैलाई केही कुराको दुःख छ । आज एउटा कुराको दुःख छ भने भोली अर्को कुराको दुःख हुन्छ । जसलाई हेऱ्यो ऊ नै दुःखी, जसलाई हेर ऊ नै दुःखी । यो जीवन जगतको सत्य हो । यसलाई नकार्न सकिँदैन, तर यस दुःखलाई, यस दुःखको क्षेत्रलाई आफू भित्र हेर्न थाल्यो, साक्षीभावले हेर्न थाल्यो भने मुक्तिको मार्गमा अघि बढ्दै जान्छ । अनार्यबाट आर्य हुने मार्गमा अघि बढ्दै जान्छ । जुन दुःख सत्य थियो, अब त्यो आर्यसत्य बन्न थाल्छ । कल्याण हुन्छ । किनकि यस दुःखलाई हेर्दै हेर्दै दुःखको सही कारण थाहा हुन्छ । बाहिरका हजारौं कारण हामी देख्छौं कि यो मान्छे त्यसैले दुःखी छ किनकि उसको यस्तो नराम्रो घटना भयो । यो व्यक्ति यसैले दुःखी छ किनकि यसको यस्तो राम्रो घटना भएन, आदि, आदि । मानिसलाई दुःखी बनाउने बाहिर-बाहिरका धेरै कारणहरू छन् । तर भित्र के छ ? दुःख त भित्र छ नि । अतः यसको सही कारण पनि भित्र नै पाउँछौं । भित्र खोज्दै खोज्दै गयो भने दुःखको सही कारण थाहा हुन्छ । यही दुःखको कारण हो । यहाँबाट दुःखको समुदय हुन्छ । यो त सत्य हो, आर्यसत्य तब हुन्छ जब यसलाई साक्षीभावले हेर्न सिक्छौं । यदि त्यसलाई केवल बुद्धिले मात्र स्वीकार गरेर रह्यो भने त्यो सत्य थियो, आर्यसत्य बन्न पाउँदैन । त्यसले हामीलाई आर्य बनाउँदैन । त्यसले हामीलाई मुक्त बनाउँदैन । यसरी आफू भित्र हेर्दै हेर्दै त्यस अवस्थासम्म पुग्दछ, जहाँ साराका सारा दुःख समाप्त हुनेछन् । किनकि सारा विकार समाप्त हुने छन् । शरीर र चित्तको सारा क्षेत्रको यात्रा गरिसकेपछि समता पूर्वक सारा स्थितिहरूलाई हेर्दै-हेर्दै शरीर र चित्तको परम सत्यलाई हेर्दछौं । अब त्यस सत्यलाई जुनसुकै नाम दिउन् । त्यसलाई मुक्ति भन, मोक्ष भन, निर्वाण भन चाहे जुनसुकै नाम देऊ । नामले के फरक पर्दछ ? त्यो एक अवस्था हो जुन नित्य छ, शाश्वत छ, ध्रुव छ, एउटै रस छ । जहाँ केही उत्पन्न हुनेछैन । केही नष्ट पनि हुने छैन । त्यस अवस्थाको साक्षात्कार हुनुपर्छ । त्यस विषयमा केवल बुद्धि विलास गरेर मात्र रहिरहे, कुराकानी, गफसफ मात्रै गरिरह्यो भने के पाउँछ ? त्यसको साक्षात्कार त आफू भित्रै नै हुन्छ । जब दुःख निरोधको अवस्थाको साक्षात्कार भयो, जहाँ दुःखको नामोनिशान रहँदैन, जहाँ दुःख उत्पन्न हुनै सक्दैन, त्यो अवस्था आर्यसत्य बन्यो । किनकि त्यो अवस्थाको साक्षात्कार गर्ने व्यक्ति आर्य बन्दछ ।

त्यस अवस्थासम्म कसरी पुग्ने ? आफू भित्र धर्मको दर्शन गर्दै गर्दै, एक-एक पाईला, एक-एक पाईला हिंड्दै-हिंड्दै, स्थूल सत्यको दर्शन गर्दै-गर्दै, शरीर र चित्तको सूक्ष्मतम सत्यको दर्शन गर्दै जब त्यस भन्दा परको सत्यको दर्शन गर्दछ तब त्यस सत्यको साक्षात्कार हुन्छ, सारा धर्म मार्गलाई आफ्नो अनुभूतिले जान्दछ । त्यसको साक्षात्कार गऱ्यो भने आर्य सत्य बन्यो । अन्यथा सत्य भएर मात्र रहन्छ । यो दुःख हो, यो दुःखको कारण हो, यो दुःखको निवारण हो, यो दुःख निवारणको उपाय हो भनेर यदि कसैले यसको पाठ मात्र गर्दै रह्यो, चिन्तन मात्रै गर्दै रह्यो भने "फिलोसोफी" मात्र भई रहन्छ । प्रायः यस्तै हुन्छ । कुनै सम्प्रदायको, कुनै समाजको, कुनै परम्पराको दर्शन भएर रहन्छ । र एक प्रकारको अहंकार मात्र बाँकी रहन्छ कि यो हाम्रो मान्यता हो, यो हाम्रो दर्शन हो । हाम्रो दर्शन, हाम्रो मान्यता । आफूले दर्शन गर्नु त टाढै रह्यो । आफूले दर्शन गर्नु पर्छ । आफू भित्र सत्यको दर्शन गर्नुपर्छ ।

बोधिसत्व राजकुमार सिद्धार्थ गौतम घरबार त्यागेर निस्कियो, गृहत्यागी बन्यो । घरको सम्पूर्ण बैभव र विलासितालाई त्याग गऱ्यो । यो सबै के को लागि ? किनकि सत्यको दर्शन गर्न सकिन्छ कि भनेर । चारैतिर दुःखै दुःख छ । राजदरबार बाहिर गएर हेरे सबैतिर अनेक प्रकारका दुःख छन् । ओहो !

यस राजघरानामा पनि, राजमहलमा पनि कसैलाई के को दुःख, कसैलाई के को दुःख । यति धेरै धन सम्पत्ति, वैभव भएर पनि दुःख नै दुःख छ । यस्तो हुनुको कारण के होला ? यसबाट कसरी हट्न सकिन्छ होला । यसबाट मुक्त हुने मार्गको खोजी गर्नु पऱ्यो ।

त्यसैले सत्यको खोजी गर्न निस्किए । घर परिवारका सदस्यहरूसंग झगडा गरेर निस्किएको होईन । अथवा स्वास्नीले दुःख दिएर निस्किएको पनि होईन । सत्यको खोजी गर्न निस्किएको हो । सत्य बाहिर खोजेर पाईंदैन, आफू भित्र खोज्नु पर्छ ।

दुःख सत्य - ओहो ! जन्म हुनु नै दुःख हो । "**जाति पि दुक्खा**", जन्मको शुरुवात नै दुःखबाट हुन्छ । नौ-नौ, दश-दश महिना अँध्यारो कोठामा बन्द रहेर पछि बाहिर निस्किँदा त खुसी हुनु पर्ने हो । तर कोही पनि खुसी हुँदैनन् । हाँसेर, मुस्कुराउँदै कोही पनि जन्मिदैन सबै जना क्वाँ क्वाँ रूँदै नै आउँछन् । रोएन भने आमालाई चिन्ता हुन्छ, नर्सलाई चिन्ता हुन्छ, डाक्टरलाई चिन्ता हुन्छ । बच्चा जिउँदो छ कि छैन, ओहो ! जन्म हुँदा नै रूनु पऱ्यो ।

शिविरमा आएका एकजना विदेशी डाक्टर साधक दौडी-दौडी मेरो सामू आयो र भन्यो, गोयन्काजी, तपाईंलाई थाहा छैन शिशू जन्मिने वित्तिकै किन रून्छ ? मलाई त थाहा छैन भाइ, म त डाक्टर होईन । तिमी सम्झाऊ कि शिशू जन्मिने वित्तिकै किन रून्छ ? डाक्टर भन्छ कि, "बच्चा जब आमाको पेटमा रहन्छ तब आमाको शरीरसंग जोडिएको हुन्छ । उसको शरीरलाई चाहिने आवश्यकताहरू उसको आमाको शरीरबाट पूरा भईरहन्छ, अब बाहिर आयो । पाईप लाइन कनेक्सन काटि सकेको हुन्छ । आफूलाई चाहिने सबै आवश्यकता आफैले पूरा गर्नुपर्ने हुन्छ । सबभन्दा पहिले त उसको फोक्सो खाली हुन्छ । त्यसको लागि अक्सिजन चाहिन्छ । बच्चा रोयो भने फोक्सोमा हावा भरिन्छ ।" बस्-बस् मलाई थाहा भयो, तिम्रो कुरा मैले बुझें बच्चा किन रून्छ ? जन्मिने बित्तिकै त्यसैले रून्छ कि मलाई हावा चाहियो ! हावा चाहियो ! फेरि केहीक्षण पछि दूध चाहियो, फेरि पानी चाहियो । फेरि त्यो चाहियो, यो चाहियो ... । सारा जिन्दगी चाहियो-चाहियो भन्दा भन्दै मरिन्छ ।

जन्म नै दुःखबाट हुन्छ । जन्मे पछि हुर्किन्छ, केही ठूलो हुन्छ, ठूलो भएपछि कुनै न कुनै रोग लाग्छ । जसलाई जुन रोग लाग्छ ऊ त्यही देखि व्याकुल हुन्छ । यो रोग सबभन्दा खराब । अरू चाहे जुनसुकै रोग लागुन् सहन सक्छु तर यो रोग मन परेको छैन । आफूलाई लागेको रोग पटक्कै मन पर्दैन । रोग कसलाई मनपर्छ र ? कुनचाहिं रोग सुखदायी हुन्छ र ? रोग त सबै दुःखदायी नै हुन्छ । त्यसैले "**ब्याधि पि दुक्खा**" । यसरी नै उमेर ढल्किंदै जान्छ । शरीर बूढो हुँदै जान्छ । ओहो ! बूढो हुनु ठूलो दुःख हो । सय वर्षको बूढो बाजे, सय वर्षकी बूढी बजै, भिन्न-भिन्न प्रकारका रोगहरूबाट ब्याकुल छन् । भिन्न-भिन्न प्रकारका असुविधाहरूबाट ब्याकुल छन् । ओहो ! यस्तो दुःख झेल्नु भन्दा मरेको भए हुन्थ्यो । मनमनै प्रार्थना गर्दछ कि हरे, भगवान् म मर्न पाए हुन्थ्यो, मेरो काल कहिले आउँछ ? मर्न पाए यस्तो दुःख त झेल्नु पर्ने थिएन । "**जरा पि दुक्खा**", बूढेसकाल बडो दुःखदायी हुन्छ ।

एकदिन डाक्टर आएर जाँचि भन्छ, "बाजे ! अब त स्वर्ग जाने बेला भयो ।" बूढी बजैलाई जाँचेर डाक्टर भन्छ "बजै, अब समय आयो, जाने बेला भयो ।" तब बाजे, बजै डाक्टरलाई हात जोडेर भन्छ, "ओहो ! हामीलाई बचाइदेऊ, म मर्न चाहन्न, म मर्न चाहन्न । मेरो त धेरै काम बाँकी छ, मेरो नातीलाई हेर्नु छ, पनातीलाई हेर्नुछ । फलानो काम बाँकी छ । म मर्न चाहन्न ।" मर्नु बडो दुःखदायी हुन्छ– "**मरणं पि दुक्खं**" । तर जो जन्मिन्छ ऊ एकदिन रोगी पनि हुन्छ, बूढो पनि हुन्छ र एकदिन अवश्य मर्छ । आफूलाई मनपर्ने हुँदैन र मन नपर्ने भईरहन्छ । ठूलो दुःख भयो । धेरै दुःख भयो ।

यो व्यक्ति जो बोधि वृक्ष मुनि बसेर अन्तर्मुखी भएर सत्यको दर्शन गरिरहेछ, उसले यी कुराहरूको केवल चिन्तन, मनन मात्र गरिरहेको होईन, आफू भित्र दर्शन गरिरहेछ, सत्यको दर्शन गरिरहेछ । भित्र हेर्दा थाहा हुन्छ यो प्रतिक्षण जन्मिन्छ र मर्छ । शरीर बूढो हुँदै जान्छ, बूढो हुँदै जान्छ । कोही साधक जब साधना गर्न बस्छ तब यो सत्यको बारेमा थाहा पाउँदछ । ध्यान गर्दा-गर्दै चाहन्छ कि यस्तो होस्, त्यस्तो होस् । तर त्यस्तो हुँदैन । त्यस्तै ध्यान गर्दा चाहन्छ कि यस्तो नहोस्, त्यस्तो नहोस् । तर त्यस्तै हुन्छ । आफ्नो अनुभवले थाहा भईरहेछ । अगाडि जाँदा थाहा हुन्छ कि "**यम्पिच्छं न लभति, तम्पि दुक्खं**" जब कुनै कुराको इच्छा जाग्छ र जब त्यो पूरा हुँदैन तब ठूलो दुःख हुन्छ । बुद्धि विलाश होईन । प्रत्येक साधकले आफू भित्र यो देख्दछ । ध्यान गर्दा शरीरमा केही स्थूल सम्वेदना जाग्यो, घनीभूत संवेदना जाग्यो, अप्रिय संवेदना जाग्यो, दुःखद् सम्वेदना जाग्यो भने चाहन्छ कि यो हटोस्,

यो खतम होस् । चाहे मार्गदर्शकले भनिरहोस् कि यस्तो अप्रिय सम्वेदना आउँछ त जानको लागि नै आउँछ । यस्तो दुःखाइ, खोई जानु पर्थ्यो नि ! अबसम्म गएन, एकदिन भईसक्यो गएको छैन ! दुईदिन भईसक्यो गएको छैन ! चारदिन भईसक्यो गएको छैन ! पाँचदिन भयो, गएको छैन ! ओहो ! अहिलेसम्म गएन । यसरी हामी चाहन्छौं कि त्यो हटोस्, तर यस्तो हुँदैन । ज्यादै ब्याकुल हुन्छौं । फेरि होस् आउँछ कि ओहो ! म त ब्याकुल भएँ । किन ब्याकुल भएँ ? किनकि म चाहन्थें कि यो जाओस्, तर यो गएन । मेरो इच्छा अनुकूल भएन ।

फेरि अर्को कुरा, प्रवचनमा पटक पटक भनिएको हुन्छ कि ध्यान गर्दा यस्तो आनन्द आउँछ, यस्तो आनन्द आउँछ । सारा शरीरमा बिजुलीको जस्तै तरङ्ग चल्न थाल्छ । सारा शरीरमा गुड्गुडी हुन थाल्छ । यस्तो आनन्द मलाई त आएन ! अरूलाई आयो । किनकि जब मार्गदर्शक साधकहरूसंग प्रश्न गर्छ तिम्रो कस्तो अनुभव भयो ? तब आफ्नो कान ठाडो पारि सुन्छ कि उसलाई के भयो भनेर । उसले भन्छ, मलाई धाराप्रवाहको अनुभव भयो । ओहो ! मलाई त यस्तो भएको छैन, मलाई अहिलेसम्म भएको छैन । अब यस्तो होस् भन्ने ईच्छा हुन्छ । यदि यो ईच्छा पूरा भएन भने ब्याकुल हुन्छ । सत्य हेर्दा हेर्दै थाहा हुन्छ कि कसरी ब्याकुल हुन्छ । जुन कामना गर्छ तर त्यो कामना पूरा भएन भने ब्याकुल हुन्छ । यसरी होश आउँछ– म जुनजुन कामना गर्छु, ती सबै पूरा हुन्छ भन्ने सम्भव छैन । अब सिक्दछ कि कामना गरेर त्यो पूरा भएन भने पनि ब्याकुल हुँदैन । कामना गर्दै गयो त्यसको पूर्ति पनि हुँदै गयो तर जुन जुन कामना गऱ्यो ती सबै पूरा हुन्छ नै भन्ने छैन, यस्तो आजसम्म कसैको भएको छैन । कामना पूरा नभए पनि हामी ब्याकुल नहोऊँ । कामना आखिर कामना नै हुन् । चाहे जुन सुकै कुराको होस् । मुक्त अवस्थाको कामना, निर्वाणको कामना, कामना आखिर कामना नै हो । छिटो निर्वाण प्राप्त होस्, मलाई अहिलेसम्म निर्वाण प्राप्त भएको छैन, मलाई अहिले सम्म मुक्ति प्राप्त भएको छैन, अबसम्म मोक्ष प्राप्त भएको छैन भन्यो भने ब्याकुल नै ब्याकुल । तब होश आउँछ कि म कामना गर्दैछु । चाहे राम्रै लक्ष्यको लागि कामना गरिरहेको होस्, त्यो त आखिर कामना नै भयो । जब त्यो पूरा हुँदैन तब ब्याकुल हुन्छ नै । यो सत्य आफ्नो अनुभवले जान्यो भने मुक्तिको मार्ग खुल्दछ, कल्याणको मार्ग खुल्दछ । यस सत्यलाई आफू भित्र हेर्नु पर्दछ । केवल चिन्तन मनन गरेर हुँदैन । केवल कल्पना गरेर हुँदैन । अनुभवले जान्नु पर्दछ । यो दुःख हो, यो अनुभवले थाहापाउनु छ । दुःखको कारण हो, यो अनुभवले जान्नु पर्छ । दुःखको कारण हो, यो अनुभवले थाहापाउनु छ । यो दुःख निवारणको उपाय हो, अनुभवले जान्नु पर्छ । बडो मंगल हुनेछ । यी चारै सत्यलाई अनुभवले जान्यो भने मंगल हुन्छ । जसले अनुभव गर्छ, उसको मंगल नै हुन्छ । कल्याण नै कल्याण ! स्वस्ति नै स्वस्ति ! मुक्ति नै मुक्ति ।

(साभार - हिन्दी 'विपश्यना' पत्रिका
बुद्ध वर्ष २५६६, २०७९ जेष्ठ, वर्ष ३९, अङ्क २)

धर्मकीर्ति पत्रिकालाई सहयोग

दाता विकाश रत्न शाक्यबाट

चन्दा रकम – रु. ९००/– दिनु भएको छ ।

धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

क्र.सं. ९२१

जनकलाल मानन्धर
बनेपा
रु. २,०००/–

क्र.सं. ९२२

रेणुका केशरी
मखन, काठमाडौं
रु. २,५००/–

क्र.सं. ९२३

नानी शोभा सिखाकार
रु. २,०००/–

क्र.सं. ९२४

सुगत मानन्धर
खुसिबुँ, काठमाडौं
रु. २,०००/–



"संघमित्रा"

लेखक- आचार्य सत्यनारायण गोयन्का
अनुवाद- **वीर्यवती गुरुमां**

अवन्तिका उपराजाको रूपमा उज्जैनमा रहेका अशोकका नवविवाहिता पत्नी विदिसादेवीबाट उसलाई महेन्द्र प्रथम पुत्रको रूपमा प्राप्त भयो। यसको दुईवर्ष पश्चात् उसलाई संघमित्रा पुत्री पनि प्राप्त भयो। त्यस समय अशोकका पिता बिन्दुसार बिरामी परे। त्यसैले अशोक राजधानी पाटलिपुत्र पुगे। तर उ पुग्नु अगावै उसका बुबाको देहान्त भइसकेको थियो। पाटलिपुत्र पुगेर अशोकले राज्य सत्ताको लोभमा परी उसका आफ्नै भाई तिस्य बाहेक अन्य ९९ जना दाजुभाईहरूलाई हत्या गरेर राज्य सत्ता हातपारे। बुद्ध अनुयायीको वातावरणमा जन्मेर त्यहीं हुर्किएकी विदिसादेवीलाई अशोकको यस कार्य ठीक लागेन।

जातीवादको मान्यतामा अन्धा भइरहेका त्यस समयका विरोधी व्यक्तिहरूले अशोकका बाजे महापराक्रमी चन्द्रगुप्त मौर्य राजा नन्दको दासी "मुरा" को पुत्र भएको कारणले उसलाई (चन्द्र गुप्त मौर्यलाई) दासी पुत्र शुद्र भन्ने गर्थे। तर उसका पूर्वज शाक्यहरूको छिमेकी पिप्पलीवनका क्षेत्रिय मौर्य नै थिए। दुर्दिन आएको कारणले परिस्थितिले गर्दा उनकी आमा मुरालाई आफ्नो जीवनयापन गर्नको लागि दासी बन्नुपरेको थियो। यसरी परिस्थितीवश उनका पूर्वज क्षत्रिय शाक्य भएर पनि जीवनयापन गर्नको लागि व्यापारमा लागेका थिए। तर जातपात ठूला जात र साना जातको अन्ध मान्यतामा डुबिरहने गर्थे। उनी पनि उक वैश्यपुत्री भएको कारणले उनीलाई पाटलीपुत्रको महारानी बनाउन विरोध गर्नेछ भन्ने उनीलाई डर थियो। शायद यही सब कारणले होला उनीले पातलीपुत्रको राजमहलको आकर्षणलाई त्यागी बुद्ध अनुयायीहरूको वातावरण रहेको उनकै माइती विदिसागिरी नगरमा नै रहने निर्णय् गरिन्।

परन्तु केही वर्ष पछि उनीले अशोकले भगवान् बुद्धको शिक्षा स्वीकार गरेको र त्यसबेलाका शीर्षस्थ विद्वान् भदन्त मोग्गलिपुत्त तिस्यलाई अशोकले आफ्नो आचार्य स्वीकार गरेको खबर सुनिन्। अनि उनीले आफ्ना पुत्र महेन्द्र र पुत्री संघमित्रालाई राजधानीमा पठाइन्। फलस्वरूप महान आचार्यको शिक्षा प्राप्त गरी उनीहरू लाभान्वित भए।

संघमित्रा विवाह गर्न योग्य उमेरकी भइन्। त्यसैले पिता अशोकले उनीलाई आफ्नै राजपरिवारका अग्गिब्रह्म नाम गरेका युवकसंग विवाह गरिदिए। त्यसपछि उनीलाई "सुमन" नाम गरेको पुत्र प्राप्त भयो। जब अशोकका भाई तिस्य प्रव्रजित भए, तब उहाँबाट प्रव्रज्याको महत्त्व र गुण सुनी अग्गिब्रह्म पनि प्रव्रजित भए। भिक्षु तिस्य जस्तै उनले पनि अरहन्त अवस्था प्राप्त गर्न सफल भए। यो देखेर संघमित्रा पनि प्रव्रज्या हुने इच्छा गरिन्। परन्तु छोरा सुमनको कम उमेर भएको कारणले प्रव्रज्या हुन सकिनन्।

जब सम्राट अशोकले बुद्ध शासनका महान दायक बन्ने इच्छा राखे र यसको लागि आफ्ना साखै सन्तानलाई बुद्ध शासनमा दान दिनु उचित हुने कुरालाई जाने, तब राजकुमार महेन्द्र र राजकुमारी संघमित्रा प्रव्रजित हुन तयार भए। त्यो समय महेन्द्रको उमेर २० वर्षको थियो। संघमित्राको उमेर १८ वर्षको थियो। महेन्द्र तत्काल प्रव्रजित भए र सम्पूर्ण बुद्ध वचनलाई गम्भिरतापूर्वक अध्ययन गर्ने कार्यमा लागिपरे। संघमित्राले त्यागी चीवर नलगाए पनि त्यागी जीवन बिताउन थालिन्। सुमन छोरो ७ वर्षको उमेरमा प्रव्रजित भए र धर्म शिक्षा अध्ययन गर्नथाले। बाह्रवर्ष पश्चात् तेस्रो संगायना पूरा भएपछि भिक्षु महेन्द्रलाई श्रीलंका पठाइयो। अन्य पाँचजना भिक्षुहरू लगायत "श्रामणेर सुमनलाई पनि उनीहरूकै साथमा पठाइयो। संघमित्रा प्रव्रजित भएर पातलिपुत्रमा रहन थालिन् र धर्ममा पारंगत हुन थालिन्।

भिक्षु महेन्द्र आफ्नो अभियानमा सफल भए। हजारौं मानिसहरू सद्धर्म अनुयायी भए र सैकडौं मानिसहरू प्रव्रजित भए। राजपरिवारका महिला अनुलादेवी आफ्ना पाँचसयजना साथीहरू साथ प्रव्रजित हुनका लागि अत्यन्त उत्साहित भएका थिए। देवानांप्रिय तिस्य र भिक्षु महेन्द्रले सम्राट अशोकसंग भिक्षुणी संघमित्रालाई पावन बोधिबृक्षको विरुवा दिई श्रीलंका पठाउनका लागि निवेदन गरे। सम्राट अशोकले प्रसन्न चित्तका साथ उहाँहरूको यस निवेदन स्वीकार गरे। भिक्षुणी संघमित्रालाई समुद्रको बाटोबाट श्रीलंका जानका लागि विदा दिइयो। संघमित्राले लानुभएको बोधिवृक्षको विरुवा श्रीलंकाको राजधानी "अनुराधपुर" मा रोपियो। जुन आज २४०० वर्ष पश्चात् पनि लहलहाउँदो बोधिवृक्षको रूपमा जीवित भइरहेको छ। संघमित्राले पनि हजारौं नारीहरूलाई सद्धर्मका अनुयायिनी बनाउन सफल भइन् र सैकडौं नारीहरूलाई प्रव्रजित बनाइन्।

भिक्षु महेन्द्रको जस्तै उहाँको कीर्ति पताका लंका द्वीपमा आजसम्म पनि फहराइरहेको छ।

माता विदिसादेवी यस्ता सन्तानरत्नहरूलाई जन्म दिएर धन्य भएकी छिन्। ■

बौद्ध पद्धति र मृत्यु संस्कार – एक चर्चा

– शिशिल चित्रकार

श्री दिलरत्न शाक्यज्यूद्वारा लिखित बौद्ध पद्धति र मृत्यु संस्कार सरसर्ती पढे पछि पुस्तकको समिक्षा नै नभएता पनि आफूलाई लागेको केही कुरा लेख्न जागृत बनायो। पुस्तक प्रकाशक श्रीघः विहार, धर्मकीर्ति विहार, विश्व शान्ति विहार, सुलक्षणकीर्ति विहार, दी शाक्य फाउण्डेशन नेपाल, शाक्य महाविहार संघ सबै तथा पुस्तक दिनुहुने गौतम भन्तेप्रति विशेष साधुवाद दिन चाहन्छु।

पुस्तकमा विभिन्न समुदाय, विभिन्न व्यक्तिहरू संघ संस्थाको भावनाहरू, सकारात्मक तथा नकारात्मक रूपमा लिएको देखि समय साक्षेप परिवर्तन हुनु पर्ने देखी थप सुझावहरू आएको पनि पढ्न सक्छौं। यो पुस्तकमा विभिन्न महानुभावहरूको विचार तथा मेहनतको लागि पनि धन्यवाद दिन उपयुक्त हुन्छ भने मुलतया श्री दिलरत्न शाक्यज्यूको सदिक्षा थेरवादी परम्परा अनुरुप आफ्नो मृत्यु संस्कार तथा समाजमा हाल भइरहेको परम्परामा केही सुधार र थेरवादी परम्पराबाट समाजमा संस्कार जन्य कृयाकलापमा सहजीकरणको ध्ययनै हो भन्ने लाग्छ।

पुस्तकमै वहाँले लेख्नु भएका केही उद्धरहणरू उतार्न उपयुक्त ठान्छु। "सारहिन मनुष्य चोला सारपूर्ण तरीकाले जीवनको अन्तिम घडीसम्म फेर्न सकेमा यही हो जिउनमा सफलता। ... ... आखिर श्वास लिंदै गरेको क्षण अत्यन्त गम्भिर क्षण जुनबेला आफूले जीवनभर गरेका कुशल अकुशल कार्यहरू नाचिरहेको हुन्छन्। ... ... उचित शान्त वातावण सृजना होस्, ... श्लोकहरूका पाठबाट वातावरण शान्त होस् ..."

"... त्यस्तो बेला रुने कराउने, चिच्याउने बिलौना गर्नाले वातावरण बिथोलिने हुन्छ। यस्तो भएमा दिवंगत हुन लागेका व्यक्तिमा नराम्रो असर पर्दछ। ... त्यो चित्तलाई अर्को जन्म, पुनर्जन्मको बाटो सहज बनाउन जरुरी छ। ... ... एउटै संस्मरण गर्नुपर्ने कुरा शान्त वातावरण बनाउन कोशिष गर्नु पर्दछ।"

यो लेख (पुस्तक मुलतः थेरवादी परम्पराको शिक्षाकै अभिवृद्धि तथा जीवन जिउने कलाको तरीका र सामाजिक परम्परालाई सरलीकृत र सहजीकरण हेतु हो। विभिन्न ३५ बुँदाको सन्दर्भ प्रा. सुवर्ण शाक्यजूको "विधि संस्कारमा गरिने कुरातिर आफ्नो मनसाय पोख्दा हटाउन पर्ने परम्परागत विधि स्वतः हट्न जाने देखिन्छ। त्यसैले पुस्तकमा विधि उल्लेख गरेर यो गर्ने र त्यो नगर्ने भनी उल्लेख गरिरहन आवश्यक नपर्ला कि ? यो प्रसङ्गमा जातक कथाका केही उदाहरण दिन उचित ठान्छु।

जातक कथाहरूमा बोधिसत्वका विभिन्न जन्महरूमा पारमी बढाउन गर्नु भएका कृयाकलाप जन्य शिक्षा हामीले मनन गर्न योग्य छन्। विभिन्न जन्ममा बोधिसत्वहरूले छोरा, पत्नी, दाजु, बुबा, हजुर बुबा बित्नु भएको प्रसङ्गहरूमा, देखाउनु भएको व्यवहार, जवाफबाट नै प्रष्ट हुन्छ, मृत्यु संस्कार ठूलो होइन, जीवित व्यक्तिहरूको कृयाकलाप, रूने-कराउने नभई, शान्त वातावरण दिने, अनित्यताको स्मरण, मृतक व्यक्तिको गुणानुस्मरण स्वच्छ वातावरण दिनु हो।

यस परीवेशमा केही जवाफहरू यहाँ राख्न प्रासङ्गिक होला।

१) सर्पले काँचुली फेरे झैं यो पनि आफ्नो शरीर छोडेर गयो, यसमा के विलाप गर्ने ? (छोराको मृत्युमा)

२) रोएर के हुन्छ, जसरी नबोलाइकन आएको पाहुना हुन्, त्यसरी नै विना खवर गरेर गयो। (परिवारका अन्य सदस्यहरूको जवाफ)

३) जसको स्वभाव टुट्ने हो, त्यो ढिलो चाँडो फुटी हाल्छ, हरेक प्राणीको स्वभाव मरण धर्म नै हो, यसमा के रूनु ? ... मरे पछि आफ्नो कर्म अनुसार कुनै अरू लोकमा जन्म हुन्छ। अब त्यो मेरो को पर्दछ ? (पत्नीको मृत्युमा)

४) धेरै रोएर पनि मृतक व्यक्ति जीवित हुँदैनन्, ... रूने व्यक्ति आफैले आफैलाई हिंसा गर्छ, अरूलाई पनि रूलाएर अरू प्रति पनि हिंसा गर्छ। ... ... त्यसैले रूनु वेकार हो। (पिताको मृत्युमा)

(साभार- धारण करे धर्म, आचार्य सत्यनारायण गोयन्का, जनवरी १९९९, 'विपश्यना विशोधन विन्यास' हेर्नुहोला पुस्तक। पाली साहित्यमा अझ बृस्तृत होला।)

स्वयं भगवान बुद्धको जीवनीमा एकजना व्यक्तिले श्राद्ध गरी आफ्नो बुबालाई तार्न अनुरोध गर्नुभएको प्रसङ्ग दुईवटा घ्याम्पो मध्य एउटामा पत्थर र अर्कोमा घिउ भर्न लगाई, दुवै पोखरीमा डुबाउन लगाई, पत्थर भएको घ्याम्पो माथि आउ भनी पार्थना गर्न लगाइ व्यक्तिमा भएको अन्ध विश्वास मेटाएको घटना पाउन सकिन्छ।

त्यस्तै भगवान् बुद्ध समकालिन भगवान् महाविरको जीवनको घटनामा दर्शाए बमोजिम एकजना राजा राजपाट छोडी तप मय जीवन व्यतित गरिरहेको अवस्थामा एकजना व्यक्ति महावीर समक्ष आएर उक्त साधु (राजा) मरण हुन लागेको खवर बताउँदा अहिले मृत्यु भएमा नरकमा जन्म लिने भन्नु भएको तर केही क्षण पश्चात् मृत्युको खवर सुनाउँदा सद्गति प्राप्त भएको (एक छिन अगाडि चित्तमा नराम्रो भाव आइरहेको र मृत्युको समयमा राम्रो भाव आएको) प्रशङ्गहरू यहाँ अझ विशेष स्मरणीय छ। (साभार- विपश्यनाचार्य सत्यनारायण गोयन्का, अहिंसा केलाई भनिन्छ ?)

यसै परीप्रेक्ष्यमा दिवंगत भिक्षु अश्वघोष महास्थविर कृत बौद्ध संस्कार पुस्तकमा उल्लेख भएको "कुनै मानिस मरणको बेला हुन्छ त उसलाई परित्राण पाठ सुनाउने, मृतकलाई मशानमा लैजान अघि सुगन्धित बस्तु लगाईदिने, पञ्चशील, मतक वश्त्र दान, पुण्यानुमोदन, अनित्यताको पाठ, भोजन दानको प्रसङ्गहरूनै उल्लेख भएको पाउन सकिन्छ।

(हेर्नुहोला, बौद्ध संस्कार, भिक्षु अश्वघोष, ध्यानकुटी विहार, बु.सं. २५४४, बि.सं. २०५७)

श्री दिलरत्न शाक्यज्यूद्वारा लिखित बौद्ध पद्धति र मृत्यु संस्कार पुस्तकमा जे-जस्तो छलफल भए पनि थेरवादी परम्परा अनुरुप जीवन जिउने कला, कसैको मृत्युको बेलामा परिवार र नातेदारहरूको संस्कार जन्य भूमिका आफ्नो जीवन जीउने कलासंग अन्तरनिहित विषयवस्तु बनाई विविध कृयाकलाप नभई एउटै तरिका र अझ सरलीकृत बनाउन पर्ने र सो को जानकारी सबैलाई होस् भन्ने ध्ययनै मुख्य विषय हो।

अन्त्यमा कवी भूपी शेरचनको एउटा प्रख्यात कविताको मर्म "ऐ शहिदहरू यहाँ बाँचेर त हेर मर्नु भन्दा बाँच्न झन कठिन छ" भन्ने भनाई पनि समाजमा व्याप्त विसंगति, बिकृतीहरू प्रतिको चोट तथा जीवनको कठिनाई, दुःख आदिको सारको रूपमा लिन सकिन्छ भने मृत्यु संस्कार पनि बाँचेकाहरूप्रति थप बोझ नबनाउने गरी समय साक्षेप परीवर्तनको आवश्यकता भएकोमा शायद दुइमत नहोला।

सबैको मङ्गल होस्। ■

परमार्थ धर्म

✍ **श्यामलाल चित्रकार**
'सद्धम्म कोविद'

हाम्रा मासुको आँखाले देख्न सकिने
सजीव र निर्जीव प्राणी एवम् चीजवस्तु
सबै छन् अनित्य एवं परिवर्तनशील
कसैले भन्ने गर्थे यी सांसारिक प्राणी र चीज वस्तु
केही समय पश्चात् देख्न र भेट्न सकिंदैनन्
त्यसैले यिनीहरू सबै र संसार नै झूठो हुन्
तर यस संसारमा झूठो मात्र होइन सत्यता पनि रहेछ
तर सकिंदैन मासुको आँखाले त्यस सत्य कुरा हेर्न
देख्न नसके तापनि सत्य कुरा अवश्य रहेछ।
जसले बुझ्छ त्यस सत्यतालाई
हुन सक्छ त्यस महान व्यक्ति ज्ञानी
सत्यतालाई बुझ्ने व्यक्ति भए भगवान् बुद्ध
जसले संसारको जन्म मरण चक्रबाट मुक्त हुन सफल भए
तर त्यस सत्यतालाई नबुझ्ने व्यक्तिहरू
भौंतारिरहेका छन् अनन्त संसार सागरमा
जन्मलिंदै, दुःख झेल्दै र मृत्युको मुखमा होमिंदै।

दीघ निकाय ग्रन्थको संक्षिप्त परिचय

– लोचनतारा तुलाधर

'दीघ निकाय' बुद्ध वचन त्रिपिटक अन्तर्गतको सुत्तपिटकको पहिलो ग्रन्थ हो । दीघ निकाय प्रायः लामा लामा उपदेशहरूको समूह हो । यस अन्तर्गत महासतिपट्ठान सूत्र, महापरिनिर्वाण सूत्र, सिङ्गाल सूत्र, कूटदन्त सूत्र जस्तो व्यवहारिक जीवनमा नभई नहुने उपदेशहरूको समूह छ भने अर्को भौतिक वादी र आध्यात्मिकताको ज्ञान दिने थुप्रै उपदेशहरूको संगालो हो यो ।

दीघनिकाय तीनवटा वर्गमा विभाजित छन् :–
(क) शीलस्कन्ध वर्ग (१३ सूत्रहरू) (ख) महावर्ग (१० सूत्रहरू) (ग) पाथिक वर्ग (११ सूत्रहरू)

शीलस्कन्ध वर्ग : शील, समाधि र प्रज्ञासंग सम्बन्धित १३ सूत्रहरू यसमा समावेस भएका छन् –

(१) **ब्रह्मजाल सूत्त** : यसमा भगवान् बुद्धले आज्ञा हुनु भएका चूल शील, पञ्च शील र महाशीलको वर्णन छ । साथै ६२ वटा मिथ्यादृष्टिको लामो वर्णन छन् । तृष्णाको भ्रममा परी ६२ वटा सिद्धान्त प्रतिपादन भएर संसारको भवचक्रमा घुमिरहने विषय यसमा छन् । यो यस्तो दृष्टिजाल हो जुन वेदनाका कारण तृष्णा, तृष्णाका कारण उपादान, उपादानका कारण भव, भवका कारण जाति, जातिका कारण जरा, मरण, शोक, दुःख दौर्मनस्य उपायास उत्पन्न हुने प्रतीत्य समुत्पादको ज्ञान साक्षात्कार भए मात्र यो दृष्टि जालबाट मुक्त हुने कुरा यसमा खुलाइएको छ । ६२ वटा मिथ्या दृष्टि मध्ये एउटा मात्र दृष्टि कसैले बोकि राखेको छ भने संसार चक्रबाट मुक्त हुन सक्दैन ।

(२) **सामञ्ञफल सुत्त** : तत्कालीन प्रसिद्ध गुरुहरू पूर्ण काश्यप, मक्खलि गोसाल, अजित केसकम्बल, प्रकुधकच्चायन, सञ्जय वेलट्ठपुत्त र निगण्ठनाथपुत्तहरूको विचारबाट अप्रसन्न हुनु भएको अजातशत्रु राजालाई जीवकले सम्यकसम्बुद्धकाहाँ दर्शनार्थ लग्नु भयो । तथागतले राजालाई १४ वटा श्रमणफल बारे ब्याख्या गर्नुभयो– १) शील (चूल शील, मध्यमशील, महाशील) २) इन्द्रिय संवर ३) स्मृति सम्प्रजन्य ४) सन्तुष्टिता ५) पञ्चनीवरण प्रहाण ६) प्रथम ध्यान, द्वितीय ध्यान, तृतिय ध्यान, चतुर्थ ध्यान लाभी हुनु । ७) विपस्यना ज्ञान ८) मनोमय ऋद्धिज्ञान ९) ऋद्धि विधज्ञान १०) दिव्य श्रोत ज्ञान ११) परचित्त ज्ञान १२) पूर्वेनिवासानुस्मृति ज्ञान १३) दिव्य चक्षुज्ञान १४) आस्रव क्षयज्ञान ।

(३) **अम्बट्ठ सुत्त** : पोक्खसाति भन्ने प्रसिद्ध ब्राह्मणले आफ्नो शिष्य अम्बट्ठलाई भगवान् बुद्धको ३२ वटा लक्षण छ छैन परिक्षा गर्न पठाएको घटना वर्णन यसमा छ । जातिय अभिमानको कारण अम्बट्ठले भगवान् बुद्धप्रति अशिष्ट व्यवहार गरेको थियो । तर तथागतले "जुन व्यक्ति विद्या र आचरणले युक्त हुन्छ, त्यही मात्र देव र मनुष्य मध्ये श्रेष्ठ हुन्छ" भन्ने कुरा दर्शाइदिए । यस सूत्रमा विद्या र आचरण सम्बन्धी वर्णन पाइन्छ ।

(४) **सोणदण्ड सुत्त** : कुन-कुन अंगले युक्त व्यक्तिलाई ब्राह्मण भनिन्छ भन्ने प्रश्नको भगवान् बुद्ध र सोणदण्ड ब्राह्मणको वार्तालाप यसमा पाइन्छ । भगवान् बुद्धले शील र प्रज्ञा नै ब्राह्मणत्वको निति अत्यावश्यक अंग हो भन्ने कुरा प्रकाश पार्नु भयो । जहाँ शील हुन्छ, त्यहाँ प्रज्ञा हुन्छ, जहाँ प्रज्ञा हुन्छ, त्यहाँ शील हुन्छ भन्ने तथ्यको वर्णन यसमा पाइन्छ ।

(५) **कूटदन्त सुत्त** : राज्यमा सुशासन कायम गर्नको लागि नभइ नहुने सूत्र यसमा समावेश छन् । राजा महाविजित र पुरोहित ब्राह्मणको वार्तालापमा पुरोहित ब्राह्मणले यस्तो सल्लाह दिनुहुन्छ– "राज्यमा चोर, डाँकाको भय ग्रस्त यस समयमा देशमा कर उठाउनु उचित छैन । चोर, डाँकाको भय निर्मूल पार्न दण्ड अथवा मृत्युदण्ड पनि त्यति प्रभावकारी हुँदैन । यिनीहरूलाई दमन गर्न राज्य व्यवस्था, संविधान बलियो पारी यस्तो कार्य गर्नुपर्छ – क) कृषकहरूलाई उत्साहित गर्न बीउ तथा खाद्यान्न वितरण ख) व्यापारीहरूलाई उत्साहित गर्न पूंजी वितरण

ग) राजपुरुषहरूलाई उत्साहित गर्न सरकारी नोकरी व्यवस्था मिलाएर तलब भत्ता समेतको बन्दोबस्त गर्ने । यसरी जनताको बेरोजगारी हट्न सफल भए राज्यमा चोरी, डाँका, भोकमरीको समस्या स्वतः कम हुँदै जान्छ ।" यसरी यस सूत्रमा आजको समयानुकूल विषय समावेश छन् ।

(६) **महालि सुत्त** : यस सूत्रमा भगवान् बुद्धले कोही पनि व्यक्ति भगवान् शास्ता कहाँ प्रव्रजित हुन आउने दिव्य रूप हेर्ने र दिव्य शब्द सुन्नको लागि होइन भन्ने विषय बताउनु भएको छ । प्रणीत धर्म - स्रोतापन्न, सकृदागामी, अनागामी भइ आस्रव क्षय गरी चित्त विमुक्ति प्रज्ञा विमुक्ति भइ यस जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गर्न प्रवजित धर्म पालन गर्ने हो भन्ने विषय यसमा उल्लेख छन् ।

(७) **जालिय सुत्त** : जीव र शरीर एउटै हो अथवा जीव एउटा शरीर अर्कै भन्ने प्रश्नको उत्तरमा तथागत भन्नु हुन्छ अज्ञान तथा अन्धकारमा बस्नेलाई यस्तो प्रश्न उठ्छ तर अरहत्व लाभी जीव र शरीर एउटै अथवा जीव एउटा शरीर एउटा भन्ने दृष्टिबाट अलग्ग भइसक्छ ।

(८) **महासीहनाद सुत्त** : यस सूत्रमा भगवान् बुद्ध र अचेल काश्यपको वार्तालाप छन् । कस्तो तपस्या उत्तम छन् भन्ने कुराको छलफलमा तथागत भन्नुहुन्छ श्रमणत्व र ब्राह्मणत्वको वास्तविक अर्थ चित्त विशुद्धि गरेर वैर रहित बनी मैत्री भावनाको स्थापना गर्नुपर्छ । शील सम्पदा, चित्त सम्पदा तथा प्रज्ञा सम्पदा नै सवथोक हो, जसको प्राप्तिको लागि आर्य अष्टांगिक मार्ग बाहेक अरु छैन । यसरी अचेल काश्यप भगवान् बुद्ध प्रति प्रसन्न भई प्रव्रज्या ग्रहण गरे ।

(९) **पोट्ठपाद सुत्त** : यस सूत्रमा भगवान् बुद्ध पोट्ठपाद परिव्राजक र चित्त हत्थिसारिपुत्रसंगको वार्तालाप छन् । लोक नित्य हो अथवा अनित्य ? लोक अन्तवान् अथवा अनन्तवान् ? शरीर र जीव एउटै वा भिन्न ? मृत्युपछि तथागत रहन्छ रहँदैन आदि अब्याकृत प्रश्नहरूलाई भगवान् बुद्धले यस्ता कुराहरू न अर्थ उपयोगी छन् न धर्म उपयोगी छन्, न ब्रह्मचर्य, न विराग, न सम्बोधि न निर्वाणको लागि उपयुक्त उपयोगी छन् त्यसैले यस्ता कुराहरू अव्याकृत हुन भनी भन्नुभयो ।

(१०) **सुभ सुत्त** : यस सूत्रमा भगवान् बुद्ध परिनिर्वाण पछिको घटना छ । भगवान् बुद्ध महापरिनिर्वाणको केही दिनपछि शुभ माणवकले भिक्षु आनन्दलाई आफ्नो घरमा निमन्त्रणा गर्नुभयो र सोध्नुभयो– "भगवान् बुद्धको उपस्थापक हुनु भएको तपाईलाई थाहा छ होला भगवान् बुद्ध कुन धर्मको वर्णवादी ? जनतालाई कुन धर्म ग्रहण गराउन अथवा प्रतिष्ठित गराउनु भयो ?" प्रश्नको उत्तरमा वहाँले तथागतले प्रतिपादन गर्नुभएको तीनवटा स्कन्ध आर्य शील स्कन्ध, आर्य समाधि स्कन्ध र आर्य प्रज्ञा स्कन्ध बारे बताउनु भयो । यही तीन धर्म स्कन्धमा तथागत वर्णवादी हुनुहुन्छ र यसै धर्ममा जनतालाई प्रतिष्ठित गर्नुभयो वहाँले भन्नुभयो ।

(११) **केवट्ट सुत्त** : यस सूत्रमा भगवान् बुद्ध र एक नव युवक केवट्ट गृहपतिको वार्तालाप छन् । केवट्ट गृहपतिले भिक्षु सङ्घका कोही-कोही एक भिक्षुले ऋद्धि प्रातिहार्य देखाउनु भएको भए बेश हुन्छ भनी प्रस्ताव राख्छन् । तर भगवान् बुद्धले यस प्रस्ताव अस्वीकार गर्नु हुन्छ । यस्तो ऋद्धिलाई गान्धारी वा मणिका भन्ने विद्या प्रदर्शन सम्झन्छ यस्तो दोषबाट बच्न ऋद्धि प्रदर्शनलाई निषेध गर्नुभएको हो ।

(१२) **लोहिच्च सुत्त** : यस सूत्र भगवान् बुद्ध र लोहिच्च ब्राह्मणको वार्तालापमा आधारित छ । लोहिच्च ब्राह्मण आफूमात्र कुशल धर्म ग्रहण गर्ने सिक्ने अरूलाई बताउन नहुने भन्ने गलत धारणालाई भगवान् बुद्धले आलोचना गर्नुभयो । साथै आफूमात्र खाने, सत्य कुरा आफूमा मात्र सीमित राख्ने कुराको पनि खण्डन गर्नुभयो ।

(१३) **तेविज्ज सूत्र** : वासेट्ठ र भारद्वाज ब्राह्मणहरू बीच ब्रह्मलोक प्राप्त गर्ने मार्गबारे विवाद हुन्छन् । यस कुराको उत्तर पाउन उनीहरू भगवान् बुद्धकहाँ पुग्छन् । तथागत भन्नुहुन्छ पञ्चनीवरण रूपी बन्धनले बाँधिएसम्म ब्राह्मण कारक धर्म त्यागी अब्राह्मणकारक धर्म ग्रहण गरुन्जेल ब्रह्मलोक पुग्ने सम्भव छैन । त्यसपछि वहाँले चतुब्रह्म विहारको उपदेश दिनुभयो ।

महावर्ग –

(१) **महापदान सुत्त** : यस सूत्रमा भगवान् बुद्धले सातजना पूर्व बुद्धहरूको नाम, कुल, जन्मस्थान, बोधिवृक्ष, अग्रश्रावक र उपस्थापक सम्बन्धी उपदेश दिनुभयो । सातजना बुद्धहरू यसरी छन्– विपस्सी, सिखी, वेस्सभू, ककुसन्ध, कोणागमन, कस्सप र स्वयं गौतम बुद्ध ।

(२) **महानिदान सुत्त** : यस सूत्रमा भगवान् बुद्धले अति गम्भीर विषय प्रतीत्य समुत्पादको विस्तृत वर्णन गरिएको छ । अर्थमा गम्भीर सिद्धान्तमा गम्भीर, आज्ञा गर्नु भएकोमा गम्भीर, प्रतिपादन गर्नु भएकोमा गम्भीर यो धर्म नबुझेको कारणले नै मानिस गाँठोमा अल्झिरहेको र भव चक्रबाट पार हुन नसकेको कुरा आज्ञा हुनुभयो ।

(३) **महापरिनिब्बान सुत्त** : यस लामो सूत्रमा भगवान् बुद्धको अन्तिम १९ महिनाको यात्रा वर्णन छ। यस १९ महिना भित्र भगवान् बुद्धले दिनुभएको थुप्रै महत्वपूर्ण उपदेशहरूको संगालो रहेको छ। तत्कालीन मगध राजा अजातशत्रुले वज्जी गणतन्त्रलाई आक्रमण गर्न तयारी रहेको बेला तथागतले जबसम्म वज्जी जनताहरू माझ सप्त अपरिहाणीय धर्म सुरक्षित रहन्छ, तबसम्म वज्जीहरू पराजित हुँदैन भन्नुभयो। आजको युगमा राज्य व्यवस्था सुदृढ पार्न पनि उत्तिकै महत्वपूर्ण सात अपरिहानिय धर्म यसरी छन्– (क) वज्जीहरू भित्र एक आपसमा मेल मिलाप छ। (ख) उनीहरू एक आपसको मेल-मिलापद्वारा सहकार्य गर्दै राज्य उत्थानको काम गर्छन्। (ग) उनीहरू राज्यको कानून र नीति पालन गर्छन्। (घ) उनीहरू आफूभन्दा ठूलालाई सत्कार, गौरव, मान गर्छन् तथा पूजापाठ गरी ठूलाबडाका कुरा मान्छन् पनि। (ङ) उनीहरू घरानी स्त्रीहरू, छोरी-बेटीहरूलाई इज्जत गर्छन् कुनै बलजफ्ती गर्दैनन्। (च) उनीहरू नगर भित्र वा बाहिरका चैत्यहरूलाई गौरवसाथ पूजा गर्छन्। कुल परम्परा देखि आएको धार्मिक कार्यलाई निरन्तरता दिई रहेका छन्। (छ) उनीहरूले अरर्हतहरूलाई धार्मिक रूपले आरक्षा गर्छन् जसले गर्दा पछि आउने अरहतहरू समेत राज्यमा सुखपूर्वक वास गर्न सकोस् भन्ने इच्छा राख्छन्।

त्यस्तै भिक्षुहरूको निम्ति पनि ७ दिन भित्र भिन्न-भिन्न गरी ३५ अपरिहानिय धर्म र फेरि अर्कोथरी छ अपरिहानिय धर्मको व्याख्या गरिएको छ। कोटिग्राममा भगवान् बुद्धले चार आर्य सत्य वोध नभएको कारणले "मेरो र तिम्रो" भन्ने भावनाबाट मुक्त नभएको कुरा आज्ञा हुनुभयो। वैशालीमा तथागतले भिक्षुहरूलाई आमन्त्रित गरी स्मृति तथा सम्प्रजन्य सहित विहार गर्नु भनी आज्ञा हुनुभयो। वैशालीमा भगवान् बुद्धले अम्बपाली गणिकाको भोजन स्वीकार गर्नुभयो। त्यहाँका लिच्छवी राजकुमारहरूले अम्बपालीलाई एकलाख दाम दिन्छु भगवान् शास्ताको भोजन गराउने हामीले पाउँ भनी भन्दा अम्बपालीले वैशाली जनपद नै दिए नि यसो नगर्ने अठोट गरिन्। अम्बपालीले आफ्नो आम्रवन बुद्ध प्रमुख भिक्षुसंघलाई दान गरिन्।

वेलुवग्राममा तथागत अन्तिम वर्षावास बस्नुभयो। त्यहाँ उहाँले आफ्नो धर्ममा कुनै गुरुमुष्टि (आचार्य मुष्टि) नभएको बताउनु भयो र स्वावलम्बी बन्ने आफ्नो द्वीप आफै बन भनी उपदेश दिनुभयो। वैशालीको चापाल चैत्यमा भगवान् बुद्धले आयु संस्कार त्याग गर्नुभयो र मार समक्ष तीन महिनापछि तथागत परिनिर्वाण हुनु हुन्छ भनी घोषणा गर्नुभयो। यसबेला अद्भूत किसिमले महाभूकम्प भयो। त्यसपछि भगवान् बुद्ध वैशालीको महावन कूटावन कूटागार शालामा जानुभई भिक्षु आनन्दलाई वैशालीमा भएका भिक्षुसंघलाई आमन्त्रित गर्न लगाउनु भयो। र भिक्षुहरूलाई सम्वोधन गरी आज्ञा हुनुभयो– "सबै संस्कार नाशवान् हुन्। अप्रमादी भएर सम्पादन गर्नु। अहिले चाँडै तथागत परिनिर्वाण हुनुहुन्छ। आजले तीन महिनापछि तथागत परिनिर्वाण हुनुहुन्छ।" त्यसपछि तथागतले वैशालीको अन्तिम दर्शन गर्नुभई त्यहाँबाट भण्डग्राम, भोगनगर हुँदै पावा पुग्नुभयो। पावामा चुन्द कम्मारपुत्रको सूकरमद्दव भोजन गर्नुभयो। पछि वहाँलाई कडा रोग उत्पन्न भयो र मरणान्त वेदना भएर आयो। तर वहाँले स्मृति सम्प्रजन्यद्वारा शरीर पीडा सहनु भयो। र पछि भिक्षु आनन्दलाई कुसीनारा जानको लागि आज्ञा हुनुभयो। कुसीनारामा पुक्कुस मल्लपुत्रले दुईटा सुवर्णवर्णी दुशाला चढाउनु भयो। शास्ताले एउटा दुशाला भिक्षु आनन्दलाई चढाउन भन्नुभयो। भिक्षु आनन्दले आफूलाई प्राप्त भएको दुशाला भगवान् बुद्धलाई ओढाउनु भयो। त्यतिकैमा अदुभूत किसिमले भगवान्को शरीरबाट तेजिलो सुवर्ण वर्ण रश्मि निस्कियो। आश्चर्य चकित भिक्षु आनन्दलाई भगवानले आज्ञा हुनुभयो– "दुई अवस्थामा तथागतको शरीरबाट रश्मि निस्किन्छ पहिलो तथागतले अनुत्तर सम्यक सम्बोधि प्राप्त गर्ने बेला र तथागत अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुने समय। यी दुई अवस्था तथागतको शरीर परिशुद्ध हुन्छ र छविवर्ण एकदम प्रज्वलित देखिन्छ।" *क्रमशः अर्को अङ्कमा ...*

सन्दर्भ ग्रन्थहरू-

१) अमृतानन्द महास्थविर, भिक्षु (अनुवाद), गृहीविनय, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघः, नःघः, वि.सं. २०३६

२) अनिरुद्ध महास्थविर, भिक्षु (अनु. प्रकाशक), अम्बट्ठ सूत्र, वि.सं. २०५७ बज्राचार्य, दुण्डबहादुर (अनु.) दीघनिकाय, पवित्र बज्राचार्य परिवार, गावहाल, ललितपुर , वि.सं. २०५७

३) तुलाधर, प्रत्येकमान (अनु. प्रकाशक) लक्खण सुत्त, सक्कपञ्ह, वि.सं. २०२९

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

जन्म :
बि.सं. १९८९ मंसिर
कृष्णपक्ष दशमी

दिवंगत :
बि.सं. २०७९ वैशाख १० गते
कृष्णपक्ष सप्तमी

दिवंगत सुर्यमाया चित्रकार (सुर्जदेवी)

परिजिण्ण'मिदं रुपं रोग निड्ढं पभङ्गुरं
भिज्जति पूतिसन्देहो - मरनन्तं हि जीवितं

- "जीर्ण भएर जाने, रोगको घर, कुहिएर नाश भएर जाने यो शरीर, जीवित रहेका सबै प्राणी एकदिन अन्त्य हुनुनै पर्छ ।"

प्रातः स्मरणिय ममतामयी हाम्री **आमा सुर्यमाया चित्रकार** देहावसान हुनुभयो । प्रकृतीको नियमलाई कसैलाई भेदभाव गर्दैन । त्यसैले अनित्य, दुःख र अनात्म स्वभावले भरिएको यस संसारको नियम पालन गरी परलोक हुनुभएकी हाम्री आमाको लागि हामीले गरेको पुण्य शक्तिले उपकार गरुन् । यही पुण्य उहाँको सुगति एवं निर्वाणको लागि हेतु बनोस् । हाम्री ममतामयी आमाको देहावसानमा हामीलाई धैर्यधारण गराउँदै श्रद्धाञ्जली व्यक्त गर्नुहुने सबै मित्रजन एवं नाताकुटुम्वहरूलाई साधुवाद व्यक्त गर्दै मैत्री कामना गर्दछौं ।

शिशिल चित्रकार सपरिवार

अभिधर्म अन्तर्गत भूमिको आधारमा चित्तको विभाजन विषयमा प्रवचन

२०७९ जेठ ७ गते, शनिवार

प्रवचक- श्रद्धेय पञ्ञासार महास्थविर

विषय- अभिधर्म (भाग- ख)

प्रस्तुति- मिनरवती तुलाधर

यसदिन श्रद्धेय पञ्ञासार महास्थविरले अभिधर्म अन्तर्गत भूमिको आधारमा चित्तको विभाजनको विषयमा बताउनु भएको थियो ।

भूमि अनुरुप चित्त ४ प्रकारका छन् ।

१) कामावचर चित्त - काम लोकमा उत्पन्न हुने चित्त

२) रूपावचर चित्त - रूप लोकमा उत्पन्न हुने चित्त

३) अरूपावचर चित्त - अरूपलोकमा उत्पन्न हुने चित्त

४) लोकुत्तर चित्त - लोकबाट उतिर्ण हुने चित्त

रूपावचर चित्त उत्पन्न हुनलाई पूर्व जन्मको संस्कार पनि चाहिन्छ । त्यस्तै वर्तमान अवस्थामा पनि अटूट रूपमा मेहनत, उत्साह, वीर्य गरी ध्यान भावना गर्ने व्यक्तिहरूलाई रूपावचर चित्त प्राप्त हुन्छ । पञ्च काम सुखलाई त्याग गर्ने, तृष्णालाई त्याग गर्ने, पापलाई दमन गर्नेलाई, मेहनती, उत्साह गर्नेलाई रूपावचर चित्त प्राप्त हुन्छ ।

• रूपावचर चित्तलाई ध्यान चित्त भनिन्छ ।

• रूपावचर चित्त-१५ वटा • अरूपावचर चित्त-१२ वटा

✦ २७ वटा समथ ध्यान चित्तलाई महग्गत चित्त भनिन्छ ।

✦ रूपावचर चित्त अरहन्तहरूलाई पनि प्राप्त हुन्छ ।

✦ रूपावचर चित्त - १५ वटा हुन्छ ।

✦ कुशल - ५ वर्तमान अवस्थामा गर्ने काम

✦ विपाक - ५ वटा ✦ क्रिया - ५ वटा

(१) मृत्यु पश्चात् (मृत्यु भइसकेपछि) अर्को जन्म लिने प्रतिसन्धि चित्त ।

(२) वर्तमान प्रतिसन्धि हुने (आमाको गर्भमा प्रवेश गर्ने)

कर्म स्थान ध्यान - ४० प्रकारका छन् । मनलाई एउटै आरम्मणमा धेरै समयसम्म स्थिर गरेर राख्नेलाई ध्यान भनिन्छ ।

ध्यान -

(१) प्रथम ध्यान (२) दुतिय ध्यान (३) तृतिय ध्यान (४) चतुर्थ ध्यान (५) पञ्चम ध्यान

ध्यान अङ्ग -

(१) विर्तक (२) विचार (३) प्रीति (४) सुख (५) एकाग्गता

सूचना

मिति २०७९, जेठ ७ गते, शनिवार देखि धर्मकीर्ति विहारमा भौतिक रूपले कक्षा सञ्चालन भयो । ✿

अंगुत्तर निकाय

२०७९ जेठ २१ गते, शनिवार

प्रवचक- मदनरत्न मानन्धर

प्रस्तुति- उष्णीषतारा तुलाधर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षा कोविड १९को कारण भर्च्युयल कक्षा मार्फत जूम एपद्वारा कक्षा संचालन भैरहेकोमा आजभोलि जनजीवन सामान्य हुँदै गइरहेकोले गत २०७९ साल जेठ ७ गतेदेखि भौतिक रूपमा धर्मकीर्ति विहारको धम्म हलमा कक्षा संचालन भैरहेको छ । गत जेठ २१ गते, शनिवार प्रवचक मदनरत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तर्गत तिक निपात, दोश्रो पण्णासक, महावर्ग वर्गको तित्थायतन सुत्तं (तीर्थायतन सूत्र) को कक्षा लिनुभयो । आज उहाँको कक्षा १४१ औं भाग पुगिसकेको छ । उहाँले लिनुभएको कक्षाको केही प्रमुख कुराहरु यहाँ प्रस्तुत गरिएको छ :

✦ ६ वटा स्पर्श आयतन छन्–

१. चक्षु २. श्रोत ३. घ्राण ४. जिव्हा

५. काय ६. मन स्पर्शायतन

✦ १८ वटा मनको विहरण –

आँखाले कुनै रूप देखेमा तीन प्रकारले मन विहरण गर्छ ।

१. सौर्मनस्य - प्रिय देखेमा मनमा आनन्द आई त्यही विचारमा मन अल्झिरहन्छ । २. दौर्मनस्य - अप्रिय रूप देखेमा सोही विचारमा मन अल्झिरहन्छ । ३. उपेक्षा - कुनै कुनै रूप देखेमा कुनै पनि अनुभव हुँदैन ।

यसरी नै बाँकी इन्द्रियको कारण तीन-तीन वटा अनुभव हुन्छ । यसप्रकार १८ वटा मनको विहरण छन् ।

बुद्धले चार आर्यसत्य कुन आधारमा बताउनुभएको भन्ने कुरा यसप्रकार छ । ६ वटा धातुको कारण प्राणीहरू गर्भमा बस्नुपर्ने हुन्छ । ६ धातु - पथवी, आपो, तेजो, वायु, आकास, विञ्ञाण । गर्भमा बसेपछि नामरूप उत्पन्न हुन्छ, नामरूप भएपछि ६ वटा आयतन उत्पन्न हुन्छ । आयतनको कारण स्पर्श, स्पर्शको कारण वेदना उत्पन्न

हुन्छ र वेदना अनुभूति भएकोले नै दुःख भएको हो, दुःखको कारण भएकोले दुःख समुदय, दुःखलाई हटाउन सकिन्छ त्यसैले दुःख निरोध र दुःखलाई हटाउने उपाय पनि छ जसलाई दुःख मार्गतिर लैजाने मार्ग भनी बुद्धले घोषणा गर्नुभएको छ । बुद्धले चतुआर्य सत्यको घोषणा सर्वप्रथम धर्मचक्र प्रवर्तनको बेलामा गर्नुभएको हो । दुःख आर्यसत्य यसप्रकार छन् –

जन्म हुनु, रोगी हुनु, मरण हुनु, शोक गर्नु/रूनु/पीडा हुनु, चिन्तित हुनु/हैरान हुनु, अप्रियसित बस्नपर्नु, प्रियसित टाढा रहनु, इच्छा गरेको पूर्ण नहुनु संक्षिप्तमा भन्नुपर्दा पञ्च उपादान स्कन्ध नै दुःख हो, यही नै दुःख सत्य हो ।

✿

२५६६ औं बैशाख पूर्णिमा महोत्सव

बुद्ध सम्वत् २५६६ एवं वैशाख पूर्णिमाको दिन भगवान् बुद्धको जीवनसँग सम्बन्धित ५ संयोग जुरेको दिन भएको कारणले नेपालका विभिन्न विहार एवं संघ-संस्थाहरूले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी भव्य रूपमा वैशाख पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छन् ।

धर्मकीर्ति विहार–

(१) बुद्ध पूजा, धर्म देशना र परित्राण पाठ

२५६६ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा विहान बुद्धपूजा र धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो । सो पश्चात् साँझ ५ बजे देखि ६ बजेसम्म उपासकोपासिकाहरूलाई ध्यान भावनाको कार्यक्रम सञ्चालन गरियो । सो पश्चात् गुरुमांहरूबाट बुद्धपूजा र परित्राण पाठ गरी कार्यक्रम सम्पन्न गरियो ।

अस्पतालमा बिस्कुट, फ्रुटी र पिउने पानी बितरण गर्दै

अस्पतालमा बिस्कुट, फ्रुटी र पिउने पानी बितरण गर्दै

(२) **अस्पतालमा विस्कुट, फ्रुटी एवं पिउने पानी वितरण**

२५६६ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा वीर अस्पतालमा विरामीहरूको सिघ्र स्वास्थ्य लाभको कामना गरी धर्मकीर्ति विहारका उपासकोपासिका एवं गुरुमांहरूको समूहले विरामीहरूलाई विस्कुट, फ्रुटी एवं खानेपानी वितरण गरियो । यसको लागि आवश्यक चन्दा दिनुहुने दाताहरूको नाम यसरी रहेको छ –

(१) सानुमाया प्रजापति (२) चिनीमाया बज्राचार्य (३) कविता तुलाधर (४) सविता तुलाधर (५) बशुमाया बहती (६) सान्त्वना तुलाधर (७) प्रमिता तुलाधर (८) शोभना ताम्राकार (९) मन्दिरा तुलाधर (१०) पद्मतारा स्थापित (११) एञ्जिला, एलिसा (१२) लक्ष्मी महर्जन (१३) शोभा महर्जन (१४) दि. रत्नमाया महर्जन (१५) केशावती लाजिम्पाट (१६) देवनारायण, रत्नदेवी, पकनाजोल (१७) पूर्णहेरा पुचः (१८) नन्द सुमीत्रा शाक्य (१९) केशव डंगोल (२०) ज्ञानी महर्जन (२१) लक्ष्मी प्यारी श्रेष्ठ (२२) तारादेवी श्रेष्ठ, त्रिपुरेश्वर (२३) कीर्ति मैयाँ सिं (२४) नाथलाल डंगोल (२५) नानी महर्जन, सामाखुशी (२६) सविता डंगोल (२७) मीनशोभा शाक्य (२८) सानुमाया महर्जन (२९) मुतु गुरुबा (३०) गुरुमां दानवती (३१) गुरुमां त्यागवती (३२) स्वयम्भू रत्न सिखाकार (३३) इन्द्रमान बज्राचार्य (३४) हेरामाया बज्राचार्य (३५) मदन थापा (३६) लक्ष्मी प्रभा सिखाकार (३७) माया मानन्धर, चस्वाँद्वों (३८) रामदेवी सूर्यमान पशुपती (३९) सरस्वती लक्ष्मी, चसान (४०) चिनी मैँया, चसान (४१) नन्द शाक्य (४२) सुमीत्रा शाक्य (४३) केशब डंगोल, कालधारा (४४) ज्ञानीहेरा डंगोल, इनाखा आदि ।

दाताहरूबाट प्राप्त चन्दा मध्ये बाँकी भएको रकम रु. १५६५/– धर्मकीर्ति फेसबुक पेज मार्फत धर्मदेशना भइरहेको कार्यको लागि प्रदान गरिएको छ । ✿

धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

क्र. सं.	२०७८/७९ साल	बुद्ध पूजा गर्नुहुने गुरुमांहरू	धर्मदेशना गर्नुहुने गुरुमांहरू
१	वैशाख २६ गते, सोमवार	वीर्यवती	वीर्यवती
२	जेठ १ गते, सोमवार संक्रान्ति	जवनवती	जवनवती
३	जेठ २ गते, सोमवार वैशाख पूर्णिमा	पञ्ञावती	धम्मवती
४	जेठ ९ गते, मंगलवार अष्टमी	दानवती	दानवती
५	जेठ १६ गते, सोमवार औंशी	खेमावती	खेमावती

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन गतिविधि

(१) २०७८ चैत्र ९ गते,
स्थान- धर्मकीर्ति विहार, धम्महल ।
प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर
सचिव- धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन

ज्याठा निवासी उपासिका मनोरमा तुलाधर, सुवर्ण सागर, रेणु तुलाधर सपरिवारको आयोजनामा भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा यसदिन दिनभर प्रव्रजित गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ गरियो ।

उपासिका परिवारको बुबा बुद्धिरत्न तुलाधर, आमा न्हुछे माया तुलाधर लगायत दिवंगत अन्य सदस्यहरूको पुण्यस्मृतिमा उहाँहरूको सुगति एवं निर्वाण कामना गरी सञ्चालित उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःका गुरु पन्नाकाजी शाक्यको नेतृत्वमा ज्ञानमाला भजन प्रस्तुत गरियो । कार्यक्रममा उपाध्यक्ष श्याममान बज्राचार्यले आयोजक परिवारलाई खाडा ओढाई सम्मान गरिएको थियो । आयोजक परिवारले ज्ञानमाला भजनलाई रु. ५,०००/– चन्दा प्रदान गर्नुभएको थियो । भजन खलःबाट उपासिका मनोरमा तुलाधरका दिवंगत मातापिताको निर्वाण कामना गर्दै उपासिका मनोरमा लगायत उहाँका परिवारको आयु आरोग्यको पनि कामना गरियो ।

(२) २०७८ वैशाख २४ गते, धर्मकीर्ति विहार, धम्महल । यसदिन श्रद्धेय इन्दावती गुरुमांका पिता दिवंगत पञ्चमुनी बज्राचार्यको वार्षिक पुण्य तिथिको उपलक्ष्यमा उहाँको सुगति एवं निर्वाण कामना गरी भिक्षुमहासंघबाट स्मृतिप्रस्थान पाठ गरियो ।

यसदिन धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनले इन्दावती गुरुमां सहित उहाँका परिवारको सुस्वास्थ्य एवं निरोगी कामना गर्दै उहाँका दिवंगत पिता पञ्चमुनी बज्राचार्यको सुगति एवं निर्वाण कामना गरी गुरु पन्नाकाजी शाक्यको नेतृत्वमा ज्ञानमाला भजन प्रस्तुत गरियो ।

कार्यक्रममा ज्ञानमाला भजनका गुरुबाट इन्दावती गुरुमांका परिवारलाई खाडा अर्पण गरी सम्मान गरियो भने उहाँहरूबाट भजनलाई रु. ५,०००/– चन्दा प्रदान गर्नुभयो । ✿

लोकनीति

सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्धवं
सतं सद्धम्म मञ्ञाय, सेय्यो न पापियो

- ज्ञानी सत्पुरुषहरूसँग मात्र सत्संग गर्नु । सत्पुरुषहरूसँग मात्र मित्रता राख्नु । सत्पुरुषहरूको सद्धर्मलाई राम्ररी जानेपछि भलो हुन्छ, अनर्थ हुनेछैन ।

चज दुज्जनसंसग्गं, भज साधु समागमं
कुरु पुञ्ञमहोरत्तिं, सर निच्चमनिच्चतं

- बाल मूर्ख असत्पुरुषहरूको संगत छोड, ज्ञानी महात्माहरूको सत्संग गर्नु, दिनरात पुण्य गर सधैं यो संसारको अनित्यतालाई स्मरण गर्नु ।

अनुवादक – भिक्षु अनिरुद्ध

पुण्य कमाउन अगाडि बढौं

– विद्याकुमारी बज्राचार्य

(१)

हे बुद्ध शास्ता ! शान्ति दायक ! अन्जाको पाप नास गरौं ।
हररोज सम्पूर्ण प्राणीहरू माथि मंगल कामना व्यक्त गरौं ॥
कायवचन मनले हितै हितको सुस्मरण सदा गर्न पाऔं ।
सकल जीवमात्रको कल्याण र माया दिई शान्त वातावरण पाऔं ॥

(२)

सुदत्त महाजनद्वारा निर्मित जेतवनाराम दान गरे झैं दान गर्न सिकौं ।
दुःखी र अनाथ माथि खाना खुवाई अनाथपिण्डक जस्तो बनौं ॥
श्रावस्तीको अग्रदानी साहुको उदार चित्त देखि खुशी हुन पाऔं ।
पुण्य कमाउन मातृ भूमिलाई शान्ति बनाई सुखी हुन पाऔं ॥

(३)

विशाखा जस्तो अग्रदानीले पुण्य कमाई आयु वर्ण सुख बल प्राप्त गरेझैं गरौं ।
मरणपछि पाप पुण्यलिई जानुपर्ने हामी मौकामा पुण्य प्राप्त गरौं ॥
पाप गह्रौं हुन्छ, पुण्य हलुका हुन्छ, पुण्य-पुण्य लिई जान पाऔं ।
शान्तमनले बुद्ध सुगतको गुण सम्झी सत्कार गर्न पाऔं ॥

(४)

तथागत शास्ताको त्रिरत्न याद गरी मन खुशी गरौं ।
जहाँ खुशी हुन्छ त्यहाँ निरोगी भई सुखी राख्ने गरौं ॥
सुखी मनले ध्यान गरी त्रिरत्नका गुण मीठो गरी गाऔं ।
सवसंग मिली सेवा भावलिई अशक्तलाई सेवा दिऔं ॥

धर्मकीर्ति विहारया ३९ क्वःगु हि दान ज्याङ्वः क्वचाल

हि दान याना च्वनिपिं हि दाता भाजुपिं

प्रस्तुती- मचाकाजी महर्जन

थ्वहे वंगु २०७९ वैशाख ३१ गते (ने.सं. ११४२ बछलाथ्व त्रयोदशी) शनिवाः कुन्हु धर्मकीर्ति विहारया ५७ दँ बुदिँ व २५६६ क्वःगु स्वाँयापुन्हिया लसताय् ३९ क्वःगु हि दान ज्याभ्वः धर्मकीर्ति विहार स्वास्थ्य कमिटिया ग्वसालय् क्वचाल । ज्याभ्वः न्हापा धर्मकीर्ति विहार प्रमुख धम्मवती गुरुमां व मेमेपिं गुरुमांपिनि पाखें परित्राण पाठयाना बिज्यागु खः । श्रद्धेय धम्मवती गुरुमां नं थःगु म्हया छुं अङ्ग दान यायेगु दश उपपारमिता अन्तर्गत लाःगु कना बिज्यासे हि दान यायेगु नं दश उपपारमिता पुवंकेगु ज्या खः धकाः कना बिज्यात ।

उगु ज्याभ्वःलय् भन्ते, गुरुमापिंयाना २० म्ह मिसापिं नापं मुक्कं ४२ म्हसिनं थःगु अमुल्यगु हि दान याना दीगु खः । हि दान ज्याभ्वःया संयोजक भाजु मचाकाजी महर्जनया संयोजकत्वय् जूगु उगु ज्याभ्वःलय् हि दान यानादीपिं भाजु/मयजुपिन्त धर्मकीर्ति विहारया उपासक उपासिकापिंसं दुरु, जूस, फलफूल नापं मरी आदि नकेत्वंके याःगु खः ।

स्थानीय चुनावया कारणं हि दान ज्याभ्वः म्हो जुयाः विरामीया लागि हिया व्यवस्थापन यायेत थाकुया च्वंगु थुगु इलय् थुगु जूगु हि दानया विशेष महत्व दुगु ज्याभ्वःया कजिः (संयोजक) भाजु मचाकाजी महर्जनजुं कना दिल ।

अथे हे थुगु हि दान ज्याभ्वः पाखेँ अस्पतालय् वासःयाका च्वंपिं विरामीतय्त माःगु हिया व्यवस्थापन यायेत छुं भचासां ग्वाहाली जुइगु भलसा कया दिसें धर्मकीर्ति विहार स्वास्थ्य कमिटीया संयोजक भाजु रोशनकाजी तुलाधरजु थःगु अमूल्यगु हि बियादीपिं सकल हि दातापिं, ज्याभ्वः ताःलाक क्वचायेकेत माःगु ग्वाहाली याना बिज्यापिं गुरुमांपिं, धर्मकीर्ति विहारया उपासकोपासिकापिं, नरेसो, केन्द्रिय रक्तसञ्चार सेवाया प्राविधिकपिं, गोष्ठी भोजन पुचःया पासापिं, समाचार संकलन यानादिइपिं बोधि टेलिभिजन नापं मेमेपिं सकलसित धर्मकीर्ति विहार स्वास्थ्य कमिटी पाखें यक्वयक्व साधुवाद बिया दिल ।

उगु ज्याभ्वलय् हि दान याना दिइपिन्त नकेत उपासक उपासिकापिंस जूस, विस्कुट, फलफूल आदि ग्वाहाली याना दिइगु खः ।

थौंया ज्याभ्वलय् हि दान याना बिज्यापिं/दिइपिनिगु नां धलः थथे दु –

१) विकास रत्न तुलाधर - ०९२८८१	९) अलिन्द्र शाक्य - ०९२८८९	१७) रबिन श्रेष्ठ - ०९२८९७
२) रिकी नकर्मी - ०९२८८२	१०) दुर्गा डंगोल - ०९२८९०	१८) अगम्यरत्न कंसाकार - ०९२८९८
३) इजेश शाक्य - ०९२८८३	११) श्रेणी शाक्य - ०९२८९१	१९) हसन कुमार बज्राचार्य - ०९२८९९
४) भिक्षु पजोता - ०९२८८४	१२) जमुना महर्जन - ०९२८९२	२०) पूर्ण श्रेष्ठ - ०९२९००
५) आभाष मानन्धर - ०९२८८५	१३) सुजन महर्जन - ०९२८९३	२१) मायादेवी महर्जन - ०९२३०१
६) निशान्त नेपाली - ०९२८८६	१४) अनिल रत्न तुलाधर - ०९२८९४	२२) मन्दिरा महर्जन - ०९२३०२
७) सानुकाजी महर्जन - ०९२८८७	१५) कविना महर्जन - ०९२८९५	२३) युद्ध शाक्य - ०९२३०३
८) मचाकाजी महर्जन - ०९२८८८	१६) रश्मिला मानन्धर - ०९२८९६	२४) कृशा शाक्य - ०९२३०४

२५) श्रवक सिद्धि तुलाधर - ०९२३०५
२६) आस्था महर्जन - ०९२३०६
२७) मिरा महर्जन - ०९२३०७
२८) ऋद्धि तुलाधर - ०९२३०८
२९) अरुणसिद्धि तुलाधर - ०९२३०९
३०) रोशनकाजी तुलाधर - ०९२३१०
३१) शुभवती गुरुमां - ०९२३११
३२) कमला शाक्य - ०९२३१२
३३) सरिना महर्जन - ०९२३१३
३४) केशब डंगोल - ०९२३१४
३५) इनु प्रधान - ०९२३१५
३६) प्रविन बहादुर श्रेष्ठ - ०९२३१६
३७) बिमला प्रधान - ०९२३१७
३८) मिना राउट - ०९२३१८
३९) पार्वती बस्नेत - ०९२३१९
४०) पुष्प बस्नेत - ०९२३२०
४१) रवि प्रधान - ०९२३२१
४२) सुवण्णवती गुरुमां - ०९२३२२

हि दान ज्याभ्वःयात ग्वाहाली याना दिइपिनिगु नां धलः थुकथं दु –

१) श्रद्धेय धम्मवती गुरुमां
२) मचाकाजी महर्जन, तंलाछी
३) तीर्थमाया महर्जन, कुम्हाननी
४) कमल केशरी तुलाधर
५) तिर्थमाया महर्जन, बहती
६) बसुमाया महर्जन, बहती
७) बिजयरत्न शाक्य
८) चम्पा तता भोजन पुचः
९) सानुकाजी महर्जन, कुम्हाननी
१०) अष्टमाया महर्जन, तंलाछी
११) कविता तुलाधर, लालदरवार
१२) मोहनदेवी महर्जन, थँबहि
१३) पञ्चमाया मुनिकार, तंलाछी
१४) पार्वती चित्रकार, न्ह्योखा
१५) रुपशोभा शाक्य, सामाखुसी
१६) रत्नशोभा महर्जन, डल्लु
१७) रामेश्वरी चित्रकार, तंलाछी

लुमंके बहःजु धर्मकीर्ति विहारं दयँदसं बुद्ध जयन्ती न्ह्यःनेया शनिवार थुगु हि दान ज्याभ्वः न्ह्याका वयाच्वंगु खः ।

बोधि टेलिभिजन पाखें थुगु ज्याभ्वःया संकिपा कया दीगु खःसा भाजु केशब डंगोलजुं ज्याभ्वःया फेसबुक लाइभ नं याना दीगु खः । ✿

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो

जन्म:
बि.सं. १९९७ पौष ८ गते

दिवंगत:
बि.सं. २०७८ असार २९ गते

दिवंगत सुवर्ण कुमारी वज्राचार्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **सुवर्ण कुमारी वज्राचार्य** दिवंगत हुनुभयो । उहाँलाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भन्ने कामना गरी पुण्यानुमोदन गर्दछौं । उहाँका सपरिवारले पनि संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्नु हुनेछ भन्ने कामना गर्दछौं ।

भवतु सब्ब मंगलम् ।

धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं

२५६६ औं बुद्ध जयन्ति समाचार

विश्व शान्ति विहार, मिनभवनमा बु.सं. २५६६ को २६४६ औं लुम्बिनी दिवस तथा बुद्ध जयन्ति स्वाँया पुन्हि - सम्पन्न

२०७९ जेठ २ गते, सोमवार

विश्व शान्ति विहार दायक समितिको विशेष संयोजन तथा भोजपुर टक्सार शाक्य समाज, चैनपुर शाक्य समाज, कल्याण पुचः एवं टक्सार सेवा समाजको संयुक्त आयोजनामा यस वर्ष २५६६ को बुद्ध पूर्णिमा (स्वाँया पुन्ही) कार्यक्रमको तर्जुमा गरी बुद्ध जयन्ती मनाइयो ।

जस अनुसार २०७९ जेठ १ गते आइतवार अपरान्ह ५:०० बजे देखि ज्ञानमाला भजन र साँझ गिलान प्रत्यय पूजा गरि बेलुकी विश्व शान्ति विहार प्राङ्गण परिसरमा १०८ दिप प्रज्वलन गरि दीपावली गरिएको थियो ।

त्यस्तै २०७९ जेठ २ गते, सोमवार विहान ७ वजे देखि ९ बजेसम्म ज्ञानमाला भजन, तत्पश्चात् बुद्धपूजा सम्पन्न गरियो । बुद्ध पूजा पछि बुद्ध जयन्ती समारोह समितिका धर्मानुशासक एवं विहार प्रमुख श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरज्यूबाट पञ्चशील प्रार्थना गराउनुभई प्रारम्भ गरिएको सार्वजनिक बौद्ध सभामा भोजपर टक्सार ज्ञानमाला समूहबाट स्वागत गान प्रस्तुत गरिएको थियो । स्वागत गान पछि समारोह समिति सदस्य श्री कृष्णमान शाक्यबाट उपस्थित महानुभावहरूलाई शुभकामना सहित स्वागत गर्नु भएको थियो ।

यसै दिन नेपाल बुद्धिष्ट स्काउटको पनि शुभारम्भ भएको घोषणा सहित चीफ स्काउट विजेन्द्र रत्न शाक्यद्वारा सभालाई जानकारी गराउनु भएको थियो ।

यस सभामा श्रद्धेय भिक्षु जनक स्थविरद्वारा सारगर्भित धर्म देशना गर्नु भएको थियो भने सभामा उपस्थित सम्पूर्ण श्रद्धालु सद्धर्मप्रेमी उपासक उपासिकाहरूलाई समारोह समिति सदस्य भाइराजा रञ्जितबाट शुभकामना मन्तव्य सहित धन्यवाद गरिएको थियो ।

विगत दुई वर्ष कोविडको कारणले विशेष कार्यक्रम आयोजना बिना बुद्ध पूजामा समिति बुद्ध जयन्ति मनाउँदै आएकोमा यसवर्ष केही सजिलोको कारण सार्वजनिक बौद्ध सभा आयोजना गरी हर्षोल्लास पूर्वक मनाइएको उक्त बुद्ध जयन्तीको सो कार्यक्रम समिति साथमा प्रदीप शाक्य 'घोषक' ले सञ्चालन गर्नु भएको थियो भने सोही अवस्थामा आयोजित भिक्षाटन कार्यक्रम जेठ २८ गते, शनिवार सम्पन्न हुने जानकारी पनि गराइएको थियो ।

भवतु सब्ब मंगल ।

२१ औं शताब्दीमा नेपालका भिक्षुणीहरूको बुद्धशासनिक देन

२०७९ जेठ ५ गते

प्रस्तुति- नानी केशरी बज्राचार्य

शाक्यधीता नेपालको आयोजनामा सञ्चालन भइरहेको "श्रद्धेय भिक्षुणीहरूको बुद्ध शासनिक देन, २१ औं शताब्दीमा" विषयक भर्चुअल कक्षामा यसदिन चन्द्रशीला गुरुमांको विषयमा चर्चा भएको थियो । यसको छोटो विरण यसरी रहेको छ । शाक्यधीता नेपालका अध्यक्ष इन्दावती गुरुमांले स्वागत गर्नुभएको यस कार्यक्रममा उपाध्यक्ष सुमन कमल तुलाधरले चन्द्रशीला गुरुमांको परिचय दिनुभयो ।

बलम्बुमा जन्मनु भएकी चन्द्रशीला गुरुमां २०४० पौष २ गते श्रावस्तीमा प्रव्रजित गुरुमां हुनुभयो । उहाँले परियत्ति कक्षा कोविद सम्म अध्ययन गर्नुभयो । हाल उहाँ करुणा विहारको प्रमुखको रूपमा हुनुहुन्छ । करुणा विहार वि.सं. २०६० सालमा स्थापना भएको हो ।

थाइलैण्डमा अनुपमा गुरुमांसंग रही १ वर्ष बुद्ध शिक्षा अध्ययन गर्ने मौका प्राप्त गर्नु भएकी चन्द्रशीला गुरुमां कीर्तिपूरमा मीना गुरुमांसंग १ वर्ष रहनुभयो । हाल उहाँले बलम्बु विहारमा करीव १५० जना विद्यार्थीहरूलाई परियत्ति शिक्षा अध्यापन गर्नुहुन्छ । भिक्षु मंगलसंग सल्लाह र ताइवानका भिक्षु सिवान स्याउको सहयोगबाट हालको मातातीर्थ जग्गा लिई करुणा विहार निर्माण गर्नको लागि वि.सं. २०६० सालमा शिलान्यास गरियो । उक्त विहार निर्माण भएपछि पहिला भिक्षु मंगल र सबैको सहयोगले ५० जना विद्यार्थीहरूलाई परियत्ति शिक्षा पढाउने कार्यको थालनी भयो । यो क्रम जारी हुँदै हाल जम्मा २५० जना विद्यार्थीहरूले परियत्ति शिक्षा अध्ययन गरिरहेका छन् । विद्यार्थीहरूलाई एकदिवसिय ध्यान शिविर, ऋषिनी प्रव्रज्या गर्ने कार्यक्रम सञ्चालन गरिएको छ ।

आफू एक्लैले कार्यक्रम सञ्चालन गर्न कठिन भएकोले हुम्ला, जुम्लाका बालिकाहरूलाई उनीहरूलाई पनि प्रव्रजित गरी कामको जिम्मा सुम्पिएको कुरा पनि उल्लेख भएको छ। बालिकाहरूलाई बुद्ध शिक्षा सिकाई बुद्धपूजा गर्न लगाउने र समय-समयमा शंखमूल स्थित अन्तर्राष्ट्रिय भावना केन्द्रमा ध्यान गराउन पठाउने गरिन्छ। हालसम्म ४९ जना बालिकाहरूलाई प्रशिक्षण दिइसकेको कुरा बताइएको छ। ती मध्ये २८ जना बालिकाहरू हुम्लामा फर्किसकेका छन्। त्यहाँ उनीहरूले आफूले सक्दो शिक्षा प्रचार गरिरहेको जानकारी प्राप्त भएको छ।

समय समयमा विद्यार्थीहरूलाई अन्य विहारहरूमा भ्रमण गराउने गरिन्छ। कक्षामा विद्यार्थीहरूलाई धम्मपद, सतिपट्ठान आदि ज्ञान दिलाउने र Hand Writing को लागि ती ज्ञानहरू सार्न लगाउने पनि कार्य भइरहेको छ।

विहार सञ्चालनार्थ आर्थिक समस्या भएकोले १०० वटा खुत्रुके दाताहरूलाई सुम्पिएको र उक्त खुत्रुके महिनै पिच्छे विहारमा बुझाइने क्रम चलिरहेको कुरा सपनि थाहा हुन आएको छ। हाल चन्द्रशीला गुरुमांले स्वास्थ्य कोष पनि खडा गरिएको छ।

विहारमा ल्याइने ती बालिकाहरूलाई उनका आमा बुबाको इच्छा अनुसार मात्र नागरिकता लिई परियत्ति शिक्षा र अन्य औपचारिक स्कुलको शिक्षा दिइने जानकारी दिई भर्ना गरिने कुरा उल्लेख गरिएको छ।

शाक्यधीता नेपालका सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्ने क्रममा आजको परिस्थितिमा हामीलाई औपचारिक स्कुलको शिक्षाको साथै एक इमान्दार र जिम्मेवार नागरिक बन्नको लागि परियत्ति शिक्षा नै अत्यावश्यक रहेको कुरा व्यक्त गर्नुहुँदै कार्यक्रम सम्पन्न गरियो। ✿



'अशोक स्तम्भ'
पुरातात्त्विक तस्विर

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु॥
यही नै बुद्धको उपदेश हो।

बिश्व मोटर ट्रेडर्स
ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस्।

लुम्बिनी २५६६ औं वैशाख पूर्णिमा महोत्सव

पञ्चशील प्रार्थना गर्नुहुँदै प्रधानमन्त्रीद्वय नरेन्द्र मोदी एवं सेर बहादुर देउवा

पञ्चशील प्रार्थना गराउनु हुँदै भिक्षु बोधिसेन महास्थविर

२०७९ जेठ २ गते, लुम्बिनी

यसदिन लुम्बिनीमा २५६६ औं बुद्ध पूर्णिमा महोत्सव मनाइयो। यही सन्दर्भमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी एवं नेपालका प्रधानमन्त्री सेरबहादुर देउवा र आरजु देउवा उपस्थित हुनुभएको उक्त समारोहमा भिक्षु बोधिसेन महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो।

लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु मेत्तिय शाक्य पुत्रले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा विशेष अतिथी नरेन्द्र मोदीले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल र भारतको मैत्रीपूर्ण सम्बन्ध विषयमा चर्चा गर्नुभएको थियो। सन् २०१४ मा भारतले बुद्धगयाको बोधिवृक्ष विरुवा लुम्बिनीको लागि प्रदान गरिएको घटनालाई स्मरण गर्नुहुँदै आठ वर्ष पश्चात् उक्त वृक्षले रूखको रूप लिइसकेकोमा खुशी व्यक्त गर्नुभयो।

यसदिन भारतबाट लुम्बिनीमा निर्माण हुन लागिरहेको India International Center for Buddhist Culture and Heritage भवनको शिलान्यास भारतका प्रधानमन्त्री नरेन्द्र मोदी एवं नेपालका प्रधानमन्त्री सेरबहादुर देउवाले संयुक्त रूपमा गर्नुभएको थाहा हुन आएको छ। उक्त भवन निर्माण कार्य I.B.C. of India बाट सञ्चालन हुने कुरा बुझिएको छ।

सभामा यस भवन निर्माणको लागि जग्गा उपलब्ध गराइदिनु भएकोमा लुम्बिनी विकास कोषका अध्यक्ष प्रधानमन्त्री सेरबहादुरलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

समारोहमा प्रधानमन्त्री सेरबहादुर देउवाज्यूले २५६६ औं बुद्ध जयन्ती मूल समारोह समितिलाई सम्बोधन गर्नुहुँदै बुद्ध शिक्षाको महत्व एवं लुम्बिनीको विकास कार्यमा सरकारको लक्ष विषयमा चर्चा गर्नुभयो।

सभाध्यक्ष माननिय सँस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आलेबाट सभा विर्सजन गर्ने क्रममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमान स्थलले २५६६ औं बुद्ध पूर्णिमाकै दिन व्यापारिक उडान शुरु गरिएको जानकारी दिनुभयो। अन्त्यमा मन्त्री आलेले सभा बिर्सजनको घोषणा गरी कार्यक्रम समापन गर्नुभयो।

कार्यक्रममा सहभागी महानुभावहरू

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं बूपसमो सुखो

जन्म:
बि.सं. २००४ वैशाख ८ गते
सोमवार

दिवंगत:
बि.सं. २०७९ वैशाख २६ गते
सोमवार

दिवंगत दिलशोभा शाक्य, लुँखुसी, यल

अनन्त गुणले सम्पन्न हुनु भएकी प्रातः स्मरणिय हाम्री **माता दिलशोभा शाक्य** ७५ वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँका पुत्र भिक्षु कोलित र पुत्री गुरुमां केशावतीले बुद्ध शासनमा रही सञ्चय गरेको पुण्य लगायत उहाँका अन्य पुत्र-पुत्रीहरूले पनि सञ्चय गरेको पुण्य शक्तिको प्रभावले र हाम्री माता आफैले पनि आफ्नो जीवनभर गर्नुभएको कुशल कार्यबाट संचित पुण्य शक्तिको प्रभावले हाम्री मातालाई सुगति एवं निर्वाणको हेतु प्राप्त होस् भन्ने कामना गर्दछौं ।

यस दुखद् घडीमा हामीलाई धैर्य धारण गर्नको लागि मैत्रीपूर्वक सहयोग गर्नुभएका उपासक उपासिका, नाता कुटुम्ब लगायत सम्पूर्ण मित्रजनहरूलाई साधुवाद व्यक्त गर्दै उहाँहरूको बाँकी जीवन सुखमय भई निरोगी र दीर्घायु बनोस् भन्ने कामना गरेका छौं ।

छोरा: **भिक्षु कोलित** – छोरी: **गुरुमां केशावती**

छोराहरू: – *बुहारीहरू:*
दिलबहादुर शाक्य – **रत्नदेवी शाक्य**
अशोक शाक्य – **रुपा शाक्य**
राष्ट्रपाल शाक्य – **समि शाक्य**

छोरीहरू: – *ज्वाईंहरू:*
सुनकेशरी शाक्य (थापा) – **भैरब थापा**
सपना शाक्य – **राजन शाक्य**

नातीहरू:
देवेन शाक्य, सजिल शाक्य, अरुसेक शाक्य, अरजेन शाक्य, राहुल शाक्य, सुमन थापा, सुविन थापा

नातिनीहरू:
लुमन्ति शाक्य, सिसिका शाक्य, राष्टिका शाक्य

साधुवाद !

देव नारायण मानन्धर

जन्मः वि.सं. १९८५ वछलाथ्व पञ्चमी

दिवंगतः वि.सं. २०४० मंसीर २७

जमुना देवी मानन्धर

जन्मः वि.सं. १९९० चउलागाः तृतीया

दिवंगतः वि.सं. २०६४/१० पारु

क्षेत्रपाटी, काठमाडौं

धर्मकीर्ति पत्रिका वर्ष ४० अङ्क ३ या रङ्गिन कभर पेज (प्यंगू पेज)

दिवंगत उपासक देव नारायण मानन्धर

व वय्कःया जहान

दिवंगत उपासिका जमुना देवी मानन्धर

(उपासिका प्रतिमा मानन्धरया बाः मां) या पुण्य स्मृतिस
उपासिका प्रतिमा पाखें हे धर्मदान यानादीगु खः। धर्मदान यानाः सञ्चय यानादीगु
पुण्य शक्तिं दिवंगत जुयादीपिं वय्कःया बाःमांपिं लगायत
सकल पितृजनपिनि सुगति एवं निर्वाण हेतु प्राप्त ज्वीमा धकाः कामना यासे
पुण्यानुमोदन याना। अथेहे धर्मदान यानादीम्ह उपासिकायात
आयु आरोग्य एवं निरोगी कामना यासे वय्कलं बुद्ध शिक्षा अभ्यास यायां थःगु जीवन
सफल याय् फय्मा धकाः आशिका यासे धर्मदानया लागि
साधुवाद व्यक्त यानागु जुल।

भवतु सब्ब मंगलम्।

धर्मकीर्ति पत्रिका परिवार

धर्मकीर्ति विहार

श्रीघः नःघः, काठमाडौं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७८/०७९)

भिन्तुना !!!



भिक्षुणी धम्मवती गुरुमां

भिन्तुना ! भिन्तुना !!

- कृष्ण देवी वज्राचार्य

भिन्तुना दु भिन्तुना दु
छ:पिं बूगु दिनया भिन्तुना दु
जिमि योम्ह, गुरुमांयात भिन्तुना
छ:पिनिगु पलाखय् लुफिं महाय्‌मा
ख्यूंथाय् मिलां लंपु क्यने फय्‌मा
वनागु लँपुं आज्जु क्यने फय्‌मा
मनं तुनागु पूवंके फय्‌मा
जीवनय् दु:खया किचलं मगाय्‌मा
ख्वा:जक मखु छ:पिं नुगलं न्हिलेमा
भिंज्याय् न्ह्याबलें प्रगति जुइमा
थुलिहे जिमिसं भिन्तुना द्यछाना

प्रतिमा क्षैत्रपाटी पुच:

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com